# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक १३६ काठमाडौं बुधबार, २२ भदौ २०७९ Prabhab National Daily, Wednesday, September 7, 2022 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## सिट बाँडफाडमा कार्यदल अनिर्णित

■ आज टुंग्याउने तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं-** पाँच दलीय सत्तागठबन्धनमा सिट बाँडफाडको विषय अझै टुंगिएको छैन । गठबन्धनको कार्यदल निरन्तर छलफलमा बसे पनि दलहरू आ-आफ्नो अडानमा कायम रहँदा सहमति जुट्न नसकेको हो ।

यद्यपि, मंगलबार साँझ प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको कार्यदलको बैठक सहमतिनजिक पुगेको बताइएको छ । कार्यदलले आज बुधबारसम्म सिट बाँडफाडको विषय टुंग्याउने सहमति गरेको बैठकपछि नेताहरूले जानकारी दिए ।

सत्तारुढ दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा चुनावी तालमेल गर्ने गरी गठबन्धन बनाएका छन् । निर्वाचनका लागि गठबन्धनको साझा घोषणापत्र तयार पार्न र सिट बाँडफाडको प्रस्ताव गर्न कार्यदल गठन गरिएको थियो । कार्यदलले आफूलाई प्राप्त कार्यादेश आजसम्म टुंग्याउने तयारी गरेको छ ।

मंगलबारको बैठकले चुनावी तालमेल र सिट बाँडफाडका सम्बन्धमा आफ्नो काम सकेसम्म आज बुधबार नै टुंग्याउने निर्णय गरेको कार्यदलका सचिव अधिवक्ता केशवराज जोशीले जानकारी दिए । सिट बाँडफाडका सम्बन्धमा सहमतिनजिक पुगेको र कार्यदलका तर्फबाट सकेसम्म छिट्टै शीर्ष नेतृत्वलाई सो प्रतिवेदन बुझाइने उनले बैठकपछि बताए ।

'दलहरूलाई प्राप्त मतअनुसार र केही राजनीतिक विषयलाई समेत मध्यनजर गरी सबैलाई सम्मानजनक र न्याय हुनेगरी सिट बाँडफाडको खाका बनाइएको छ,' सचिव जोशीले भने । (**बाँकी पृष्ठ ३ मा**)

# पछि हट्यो सरकार

■ संसद्को कार्यकाल लम्ब्याउने प्रस्ताव फिर्ता ■ अब असोज १ सम्ममात्र कायम रहने

■ प्रभाव संवाददाता

**काठमाडौं-** चौतर्फी दबाब र विरोधपछि संसद्को कार्यकाल लम्ब्याउने प्रक्रियाबाट सरकार पछि हटेको छ । प्रतिनिधिसभामा सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेससँगै प्रतिपक्षी नेकपा एमालेका सांसदहरूले हालेको संशोधन प्रस्ताव स्वीकार गर्दै सरकार संसद्को आयु आगामी फागुनसम्म लम्ब्याउने प्रक्रियाबाट पछि हटेको हो ।

अब संसद्को कार्यकाल असोज १ गतेसम्म मात्र कायम हुनेछ । असोज २ गते निर्वाचन आयोगले समानुपातिकतर्फको नामावली बुझाउने समय तोकेको छ । आयोग र संसद् सचिवालयले पनि असोज १ गतेसम्म मात्र कार्यकाल रहने भन्दै आएका थिए ।




सरकारले संसद्को कार्यकाल लम्ब्याउने विधेयक ल्याएपछि आयोगले सोमबार विज्ञप्ति जारी गर्दै असन्तुष्टि जनाएको थियो । आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा भएको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मानिने व्यवस्था रहेको स्मरण गराएको थियो । नेपालको संविधानको धारा ८५ तथा धारा १७७ मा प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था रहेको छ ।

प्रदेश र प्रतिनिधिसभाको कार्यकाल तोक्ने प्रस्ताव फिर्ता (**बाँकी पृष्ठ ५ मा**)

### कसले के भने ?

प्रतिनिधिसभाको मंगलबारको बैठकमा नेकपा माओवादी केन्द्रका सांसद वर्षमान पुनले संसद्को कार्यकाल बढाउने विधेयक उपयुक्त नभएको बताएका थिए । 'निर्वाचन घोषणा भएपछि यस्तो काम गर्ने होइन । जुनसुकै पार्टी सरकारमा भए पनि हतारहतार गर्ने देखियो । मैले पार्टीमा यो गैरजिम्मेवार काम भएको भनेको थिएँ । अहिले फिर्ता हुने भएपछि यो धन्यवाद दिनुपर्ने कुरा हो,' माओवादीका उपमहासचिवसमेत रहेका पुनले भने ।

प्रमुख प्रतिपक्ष नेकपा एमालेका प्रमुख सचेतक विशाल भट्टराईले सरकारले अहिले भएको ऐन संशोधन गर्नुपर्नेमा गलत काम गरेको दाबी गरे । विगतमा समय हुँदा सरकारले काम नगरेको तर, अहिले त्रुटिपूर्ण काम गरेको उनको आरोप छ । भट्टराईले सरकारले दुईखाले सांसद खडा गर्न खोजेको टिप्पणी गरे । चुनावको (**बाँकी पृष्ठ ५ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## भदौ मसान्तदेखि भैरहवामा जजिराको दैनिक उडान



■ प्रभाव संवाददाता

**काठमाडौं-** जजिरा एयरवेजले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक उडान भर्ने भएको छ । जजिराले सातामा सातै दिन कुवेत-भैरहवा उडान सञ्चालन गर्न नागरिक उड्डयन प्राधिकरणबाट अनुमति पाएको छ । प्राधिकरणले सोमबार जजिरालाई सातै दिन उडानका लागि अनुमति दिएको हो ।

साताको तीनपटक उडान भर्दै आएको जजिराले यही भदौ ३१ गते (सेप्टेम्बर १६) बाट दैनिक उडान भर्ने जानकारी दिएको छ । दसैंलगायत चाडपर्व नजिकिँदै गर्दा स्वदेश फर्कने कामदारहरूलाई लक्षित गरी जजिराले दैनिक उडान भर्न लागेको बताइएको छ । चाडपर्वको बेला यात्रुको चाप बढ्ने हुँदा उडान थप गरिएको हो । हाल जजिराको एयरबस ३२० निओले सोमबार, मंगलबार र शुक्रबार गरी सातामा तीन उडान गरिरहेको छ । एयरवेजकी सञ्चालन प्रमुख संगीता रौनियारका अनुसार कूल १७४ यात्रु क्षमता भएको जहाजमार्फत दैनिक १५० जना भैरहवाबाट कुवेत उडिरहेका छन् । कुवेतबाट भैरहवा आउनेको संख्या १०० जना हाराहारीमा रहेको उनले बताइन् । चाडपर्व नजिकिएसँगै यात्रुको अकुपेन्सी बढेको उनले जानकारी दिइन् ।

मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा सञ्चालनमा आएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा जजिराले गत जेठ २ गतेबाट उडान सुरू गरेको थियो । उक्त विमानस्थलमा अन्तर्राष्ट्रिय उडान भर्ने जजिरा नै पहिलो एयरवेज हो । यहाँ हालसम्म जजिराले मात्रै अन्तर्राष्ट्रिय उडान भर्दै आएको छ ।

भैरहवामा हुने अन्तर्राष्ट्रिय उडानमा विशेषगरी वैदेशिक रोजगारीमा जाने श्रमिक र यस क्षेत्रमा आउने पर्यटकलाई लक्षित गरिएको छ । भैरहवाबाट अन्तर्राष्ट्रिय उडान सुरु भएपछि त्यस क्षेत्रबाट वैदेशिक रोजगारीमा जानेहरूका लागि काठमाडौं आउनुपर्ने बाध्यता हटेको छ । विदेशबाट घर फर्कंदा सीधै भैरहवामा अवतरण गर्न पाएका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले भैरहवाबाटै श्रमसम्बन्धी सेवा दिने उद्देश्यले गत असार गतेदेखि वैदेशिक रोजगार व्यवस्थापन शाखा सञ्चालनमा ल्याएको थियो । पूर्वश्रममन्त्री कृष्णकुमार श्रेष्ठले उक्त शाखाको उद्घाटन गरेका थिए ।

यसैबीच, काठमाडौंबाट अन्तर्राष्ट्रिय उडान भर्ने अन्य एयरलाइन्सहरूलाई पनि आगामी अक्टोबरदेखि भैरहवामा अनिवार्य उडान सञ्चालन गर्न निर्देशन दिइएको नागरिक उड्डयन प्राधिकरणले जानकारी दिएको छ । प्राधिकरणका अनुसार तीन एयरलाइन्सहरूलाई अक्टोबर ३० देखि कम्तीमा दैनिक एक उडान भैरहवामा राख्न पत्राचार गरिएको छ ।

## व्यवसायीद्वय न्यौपाने र डिम्दोङ उम्मेदवार सिफारिस

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)-** नेकपा माओवादी केन्द्रनिकट दुई जना वैदेशिक रोजगार व्यवसायी आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि उम्मेदवार सिफारिस भएका छन् ।



ओमबहादुर न्यौपाने | कुन्छादोर्जे डिम्दोङ

माओवादी केन्द्रको उद्यमी व्यवसायी महाशाखाले वैदेशिक रोजगार व्यवसायीद्वय ओमबहादुर न्यौपाने र कुन्छादोर्जे डिम्दोङलाई उम्मेदवार सिफारिस गरेको हो । महाशाखाले न्यौपानेलाई लमजुङ क्षेत्र नं. १ (क) बाट प्रदेशसभा सदस्यमा प्रत्यक्षतर्फ र डिम्दोङलाई सिन्धुली क्षेत्र नं. १ (ख) बाट समानुपातिकतर्फ प्रतिनिधिसभा सदस्यमा सिफारिस गरेको छ ।

न्यौपाने हाल माओवादी केन्द्रको उद्यमी व्यवसायी महाशाखाअन्तर्गतको वैदेशिक रोजगार कमिटी अध्यक्ष छन् । उनी विगत ३४ वर्षदेखि उक्त पार्टीमा आबद्ध रही क्रियाशील रहँदै आएका छन् । पार्टीको विद्यार्थी मोर्चालगायत विभिन्न संगठनमा रहेर न्यौपानेले काम गरेका छन् । ओम ओभरसिज इम्प्लोइमेन्ट प्रालिका अध्यक्ष न्यौपाने राष्ट्रि उद्योग व्यापार महासंघका केन्द्रीय सदस्यसमेत हुन् ।

यस्तै विगत ३० वर्षदेखि पार्टीमा आबद्ध अर्का व्यवसायी डिम्दोङ हाल उद्यमी व्यवसायी महाशाखाको उपाध्यक्ष छन् । आकृति रिक्रुटिङ प्रालिका अध्यक्ष उनी माओवादी केन्द्रको श्रम तथा रोजगार विभागको सचिवालय सदस्य तथा नेपाल वैदेशिक रोजगार गणतान्त्रिक मञ्चको महासचिवको जिम्मेवारीमासमेत कार्यरत रहेका छन् । डिम्दोङ सहिद परिवारका सदस्यसमेत हुन् । माओवादी द्वन्द्वकालमा उनले आफ्नो परिवार गुमाएका थिए ।




# प्रयोगमा आएन सरकारी कामकाजमा प्रादेशिक राष्ट्रभाषा

■ प्रकाश सिलवाल

**काठमाडौं–** प्रदेश तहमा नेपाली भाषाका अतिरिक्त भाषा आयोगबाट सिफारिस गरिएका अन्य राष्ट्रभाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्रदान गर्न कानुन निर्माणमा ढिलाइ देखिएको छ।

आयोगले प्रदेशको सरकारी कामकाजको भाषाको रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारको निर्धारण गरी दुई वर्षअघि गरेको सिफारिस हालसम्म कार्यान्वयन हुन सकेको छैन। नेपाली भाषाका अतिरिक्त प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रादेशिक भाषाका रूपमा मान्यता पाउनुपर्ने आयोगको सिफारिस छ। आयोगले संविधानको धारा ७ (२)को कार्यान्वयनका लागि संविधानको धारा २८७ को उपधारा ६ खण्ड (क) तथा उपधारा ७ को अधीनमा रही प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्ने गरी सातवटै प्रदेशका लागि २०७८ भदौ २१ गते ११ वटा भाषाको सिफारिस गरेको थियो।

आयोगका अध्यक्ष डा. लवदेव अवस्थीले सोको कार्यान्वयनका लागि नेपाल सरकारबाट सहजीकरण गरिनुपर्ने तथा आयोगले हालसम्म पेस गरेका वार्षिक प्रतिवेदनका सुझाव लागू हुनुपर्ने बताए। आयोगले आफ्नो छैटौं वार्षिक प्रतिवेदन मंगलबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएर फर्किएपछि अध्यक्ष डा. अवस्थीले सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस तथा यसबीचमा भाषाका सम्बन्धमा भएका गरेका काम कारबाहीका बारेमा नेपाल सरकारसमक्ष गरेका सिफारिसको कार्यान्वयनको स्थिति र प्रक्रियामा उत्साहजनक प्रगति नभएको जानकारी दिए।

'सिफारिस कार्यान्वयनमा सरकारको उदासीनता स्पष्ट झल्कन्छ। एकातर्फ भाषाका विषयमा तीनै तहका सरकारको जिम्मेवारीको स्पष्ट किटानी नहुनु र अर्कोतर्फ आयोगबाट गरिएका सिफारिसको अपनत्व लिने तथा कार्यान्वयन गर्न प्राथमिकतामा पर्ने अवस्था नदेखिनाले संविधानमा उल्लेख भएका प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेका छैनन्,' आयोगको प्रतिवेदनमा भनिएको छ।

**सवारीसाधनमा देवनागरी लिपि राख्न आग्रह**

नेपालको संविधानको धारा ७ (१)मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भनी स्पष्ट उल्लेख भएको तर नेपालको संविधानले नचिनेको भाषा र लिपिको प्रयोग गरी सवारीसाधनमा विद्युतीय संकेत संख्या (इम्बोस्ड नम्बर) राख्ने कार्यले निरन्तरता पाएकामा आयोगले चिन्ता व्यक्त गरेको छ। आयोगले निरन्तर ध्यानाकर्षण गराउँदासमेत विद्युतीय संकेत संख्यालाई देवनागरी लिपिमा राख्ने कार्य भएको छैन। यस्तै सार्वजनिक कार्यालय वा स्थानको नामकरण, सार्वजनिक सूचना सम्प्रेषण, आकस्मिक सेवा प्रवाह र सरकारी अभिलेख राख्ने कार्यसमेत संविधानको धारा ७ (१) र धारा ३२ (१) को पालना हुने गरी भएको देखिँदैन। संविधानको अनुसूची ८ मा समावेश भएको स्थानीय तहको अधिकार सूचीअन्तर्गत रहेको आधारभूत र माध्यमिक तहको शिक्षाको माध्यम भाषाबारे आयोगले गरेको सिफारिसअनुसार मातृभाषामा हुन सकेको छैन। सरकारी कामकाजको सर्वोपरि सरोकारको विषय शिक्षा भएको र संविधानले प्रत्याभूति गरेअनुसार सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षाको माध्यम मातृभाषा हुनुपर्ने प्रस्ट व्यवस्था हुँदाहुँदै अंग्रेजी माध्यमको शिक्षालाई अंगीकार गर्ने कार्यबाट संघ, प्रदेश र स्थानीय तहले संविधानको धारा ३१ (५) को अवज्ञा गरेको देखिएको प्रतिवेदनमा जनाइएको छ।

**भाषा पुस्तान्तरण अभियान**

आयोगले सयभन्दा कम वक्ता संख्या भएका भाषालाई प्राथमिकतामा राखी भाषिक पुस्तान्तरण र जीवन्तताका लागि गाउँपालिका र नगरपालिकासितको सहकार्यमा संघ र प्रदेशबाट सहजीकरण हुने गरी भाषा प्रशिक्षण अभियान सञ्चालन गर्ने भएको छ। आयोगले सबभन्दा कम वक्ता भएका कुसुण्डा, दुरा, लुफिम्, तिलुङ र बरामजस्ता लोप हुने अवस्थामा रहेका भाषामा सञ्चालन गरेको प्रशिक्षण कार्यक्रमको अनुभव र सिकाइलाई आधार मानी क्षेत्तेलीजस्ता भाषाको पहिचान गरी अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (सन् २०२२-३२) को सन्दर्भमा देशव्यापी भाषा पुस्तान्तरण अभियान सञ्चालन गर्न लागेको हो।

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाबाट नेपालका भाषाहरूको अद्यावधिक तथ्यांक प्राप्त हुने अपेक्षा आयोगले गरेको छ। आयोगको जानकारीमा आएका थोरै वक्ता भएका संकटमा परेका थप नौवटा भाषाकोसमेत जनगणनाको तथ्यांकबाट पुस्टचाइँ हुन बाँकी रहेको छ। वक्ता संख्या अत्यन्त न्यून भएका भाषाको पुस्तान्तरण र जीवन्तता आयोगको पहिलो प्राथमिकता हुने जनाइएको छ। आयोगले स्थानीय तहको सहभागितामा प्रत्येक वडा र समुदाय केन्द्रित भाषिक तथ्यांक संकलन गरिराखेको छ। हालसम्म ४०० भन्दा बढी पालिकाको विवरण तयार भएको छ।

संविधानको धारा २८७ बमोजिम स्थापना भएको आयोगले नेपालको संविधान र भाषा आयोग ऐन, २०७४ बमोजिम आफ्ना कार्य सम्पादन गर्दै आएको छ। आयोगले सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू उल्लेख गरी भाषाहरूको सिफारिस गर्ने, नेपालका भाषाहरूको संरक्षण, संवर्द्धन र विकासका लागि सिफारिस गर्ने, मातृभाषाहरूको स्तर मापन गरी शिक्षामा प्रयोग सम्भाव्यतासम्बन्धी सुझाव दिने र भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमनसित सम्बन्धित काम कारबाहीका बारेमा सिफारिस गर्ने कार्य गर्दै आएको छ।

वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा १२३ भाषाहरू बोलिन्छन्। यसका साथै आयोगले हालसम्म राना थारू, नार फु, चुम (स्यार), नुब्री (लार्के), पोइके, सेर्के, मारेक याक्खा, नावा शेर्पा, क्षेत्तेली गरी थप नौवटा भाषाहरूको पहिचान गरेको छ। नेपालमा भारोपेली, भोट बर्मेली, आग्नेली/अस्ट्रो एसियाली, द्रविड र परिवार नखुलेको कुसुन्डा भाषा गरी पाँच परिवारका भाषाहरू बोलिन्छन्। नेपाल सरकारबाट संवत् २०७३ भदौ २३ गते आयोगको गठन गरेकामा अध्यक्ष अवस्थीको कार्यकाल दुई दिन बाँकी रहेको छ भने दुई महिनाअघि अन्य सदस्यको रिक्ततालाई पूर्णता दिइएको छ। *रासस*

## डेंगु नियन्त्रणमा प्रभावकारी कदम चाल्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई डेंगु नियन्त्रणमा प्रभावकारी कदम चाल्न आग्रह गरेको छ। आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार विज्ञप्ति जारी गर्दै डेंगुको संक्रमण बढ्दै गएकाले नियन्त्रण गर्न प्रभावकारी कदम चाल्न संघ, प्रदेश र स्थानीय तहलाई आग्रह गरेका हुन्।

कोरोना महामारी कायमै रहेको अवस्थामा हाल देशव्यापीरूपमा फैलिँदै गइरहेको डेंगु रोगका कारण नागरिकको स्वास्थ्यमा पर्न गएको जोखिमको अवस्थाप्रति आयोगले ध्यानाकर्षण भएकोसमेत जनाएको छ। 'बिरामीको संख्या दिनप्रतिदिन बढिरहेको अवस्थामा यसको नियन्त्रण तथा रोकथामका लागि सम्बन्धित निकायको यथेष्ठ ध्यान पुग्न नसक्दा नागरिकको जीवन नै जोखिममा पर्न गएको र तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुन नसकेको जस्ता विषय विभिन्न सञ्चारमाध्यमका साथै अन्य विभिन्न माध्यमबाट आयोगलाई जानकारी प्राप्त भएका छन्,' आयोगले भनेको छ।

डेंगु संक्रमणबाट नेपालमा यही भदौ महिनामा एक जनाको ज्यान जानुका साथै पछिल्लो समय पाँच हजारभन्दा बढी व्यक्ति बिरामी परेको पाइएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

आयोगले नागरिकको स्वास्थ्यसम्बन्धी हकको संरक्षण गर्दै जीवनको अधिकार सुनिश्चित गर्न, डेंगु संक्रमण गराउने जातका लामखुट्टे उत्पादन हुने तथा फैलिन सक्ने ठाउँहरू पहिचान गरी नष्ट गर्ने कार्यमा तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य गर्नसमेत विज्ञप्तिमा आग्रह गरिएको छ।


## बेलौरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२२ गते।**

यस कार्यालयको चालु आ.व.२०७९/०८० मा ५० प्रतिशत अनुदानमा आलुको उन्नत वीउ वितरण गर्ने कार्यक्रम रहेकोले आलुको उन्नत वीउ आपुर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक आलु वीउ उत्पादक कृषक समूह, वीउ उत्पादक कम्पनी, कृषि सहकारी संस्था र कृषि फर्महरूबाट उन्नत आलुको वीउ आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरूको अधिनमा रही देहाय बमोजिम बोलपत्र आह्वान गरिएको छ।

१) बोलपत्र आह्वानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (**२०७९/०६/२० गते**) भित्र **रु.३,०००।–** (तिन हजार पछि फिर्ता नहुने)राजश्व तिरी प्राप्त गरेको रसिद, **आ.व. २०७९।०८०** का लागि नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.व. **२०७८।०७९** को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, सम्बन्धित निकायमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्वर प्रमाण पत्र, **आ.व. २०७८/०७९** को लेखा परिक्षण प्रतिवेदन, खरिद कार्वाहीमा भागलिन अयोग्य नभएको लिखित घोषणा पत्रको प्रतिलिपी र प्रोप्राईटर स्वयम उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयको कृषि विकास शाखाबाट वोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछ।

२) यस कार्यालयको प्रमुखले सहि गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरी सोहि फाराममा बोलपत्र पेश गर्नु पर्ने छ।

३) बोलपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी कामको नाम र ठेक्का नं. स्पष्ट उल्लेख गरी आपुर्तिकर्ताको नाम र छाप लगाएको सिलबन्दिको लाहाछापको नाम र संख्या स्पष्ट उल्लेख हुनुपर्नेछ।

४) यस कार्यालयबाट बिक्रि नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको, बोलपत्र उपर कुनै कारवाहि गरिने छैन।

५) बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन (२०७९/०६/२१) को दिउसो १२:०० बजे भित्र दर्ता गराउनु पर्नेछ। तोकेको मिति तथा समयभन्दा पछि बुझाएको बोलपत्र स्विकार गरिने छैन। सोहि दिनको २:०० बजे उपस्थित भएका बोलपत्र दाता वा प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।

६) बोलपत्र दाताले धरौटी वापतको रकम **रु.१,७५,०००।–** (एकलाख पचहत्तर हजार) मात्र बेलौरी नगरपालिकाको कार्यालय कञ्चनपुरको रा.वा. बैंक शाखा कार्यालय बेलौरीमा रहेको कार्यालयको धरौटी **खाता नं.** ४३९०१००३०३०००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारलाई मान्य हुने (क श्रेणीको) वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको बोलपत्र जमानत (बिड बण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ। घटी म्याद वा घटी रकम समावेश भएको बोलपत्र उपर कारवाही हुने छैन।

७) बोलपत्र दर्ता गर्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन बोलपत्र दर्ता गर्न सकिने छ।

८) पेश भएको बोलपत्रको कवोल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९) पेश भएका बोलपत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रूपमा स्विकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

१०) म्याद नाघि आएको, रित नपुगेको, शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

१२) खरिद गरिने सामाग्रीको तोकिएको स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ।

१३) यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ।

१४) यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस कार्यालयको टेलिफोन नम्बर **०९९– ५८०३५३** मा कार्यालय समय भित्र सम्पर्क गरी प्राप्त गर्न सकिने छ।

**तपसिल**

| ठेक्का नं. | विवरण | ल.ई.अंक रु. | धरौटी रकम |
|---|---|---|---|
| ०१।०७९।०८० | ५० प्रतिशत अनुदानमा उन्नत आलुको वीउ वितरण कार्यक्रम | रु.७०,०००००। (कार्यालयको ५० प्रतिशत र कृषकहरूको ५० प्रतिशत गरी जम्मा रकम) | १,७५,००० |

**प्रमुख प्रशासकीय अधिकृत**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :BAHR PRODUCTS COMPANY FOR OPERATION AND MAINTENANCE

पुर्व स्वीकृति मिति २०७९/०१/१२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२१ LT. No.262182 चलानी नं. ६०१८२०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 15 | 0 | 1000 | ३३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



शिवदल गण गजुरी ब्यारेक,धादिङ,

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/२२ गते।

प्रस्तुत बिषयमा यस गणमा पेरिमिटर पर्खाल निर्माणको लागि विद्यतिय माध्यमबाट बोलपत्र आह्वान गरी उक्त निर्माण कार्यहरु गर्नुपर्ने भएकोले निर्माण गर्न इच्छुक इजाजत प्राप्त व्यक्ती, फर्म, संस्था तथा कम्पनीहरुले देहायका शर्तहुको अधिनमा रही रीतपुर्वक तपसिलमा उल्लेखित भएको ठेक्का नं. **NA/SDBN/079/80/03** बमोजिम बोलपत्रहरु पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस कार्य प्रयोजनको लागि www.bolpatra.gov.np/egp पोर्टलको माध्यमबाट इ-बिडीङ मार्फत पेश गर्न सकिने छ। यस सम्बन्धि थप जानकारी गण कार्यालयको सम्पर्क फोन नं. ०१०-४०२०२५ वा मोवाईल नं. ९८५११९८१३१ मा सम्पर्क गर्नुहोला।

**बोलपत्रको प्रकार, किसिम,फाराम दस्तुर, बोलपत्र जमानत रकम पेश गर्ने लगायत खोलिने मिति, समय/स्थान निम्न अनुसार हुनेछ।**

| ठेक्का नं. | विवरण | स्वीकृत लागत अनुमान | फाराम दस्तुर | बोलपत्र जमानत | बोलपत्र प्रकाशन मिति | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय / स्थान |
|---|---|---|---|---|---|---|---|
| NA/SDBN/079/80/03 | Construction of Boundary wall (RCC) | 10000524.50 | ३,०००।०० | २,५०,०००।०० | २०७९/०५/२२ गते। | २०७९/०६/२३ गते। १२:०० बजे। गण कार्यालय | २०७९/०६/२३ गते। १३:०० बजे। गण कार्यालय |



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUAN HSIN ELECTRICAL SYSTEM (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२१ LT. No. 271095 चलानी नं. ६०१८७०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 10 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9862433489



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DYNAMIC TRANSFORMS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०५/१६ LT. No. 270695 चलानी नं. ६०१८६५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 50 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २९ र ३० गते (14 & 15th Sept. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: +977-9801836213,
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## रोजगारको अवसर

SAUDI ICON COMPANY, RIYADH, SAUDI ARABIA पूनः बिज्ञापन

पुर्व स्विकृति मितिः २०७८।८।१६ चलानी नं. ६०१६९३९७ LT No. 252272

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्योहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्योहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/– कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः २०७९ भाद्र २९ गते (14 September 2022) मेनपावर कार्यालयमा हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफनो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

लागत खर्चः १0,000

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-5915744

## चिकित्सक संघको चेतावनी

# ७२ घण्टाभित्र मुद्दा फिर्ता नलिए आन्दोलन

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल चिकित्सक संघले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको आकस्मिक विभागमा कार्यरत चिकित्सक डा. करण शाहमाथि प्रतिष्ठानकै कर्मचारीले कुटपिट गरी गम्भीर घाइते बनाएको र सो सम्बन्धमा दोषीलाई थुनामा राखेर कारबाही प्रक्रिया अघि बढाउँदा उल्टै प्रतिशोध साँधेर चिकित्सकलाई बाल हिंसाविरुद्धको झुटो मुद्दा लगाइएको भन्दै उक्त मुद्दा फिर्ता लिन चेतावनी दिएको छ ।

संघले चिकित्सकमाथि भएको अन्यायलाई ७२ घण्टाभित्र सम्बोधन नभएमा आन्दोलनका कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने चेतावनी दिएको छ । मंगलबार पत्रकार सम्मेलन गरेर संघले यस्तो चेतावनी दिएको हो । संघका महासचिव डा. बद्री रिजालद्वारा जारी विज्ञप्तीमा भनिएको छ,‘ यदि चिकित्सक माथि भएको अन्यायलाई ७२ घण्टाभित्र सम्बोधन नभएमा नेपाल चिकित्सक संघले आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गर्न बाध्य हुनेछ । साथै, यसै विज्ञप्तीमार्फत सम्पूर्ण चिकित्सक संघका शाखा कार्यालयहरू, देशभर रहेका सम्पूर्ण सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरू, संघसँग आवद्ध भएका विभिन्न विशेषज्ञ समाजहरूलाई तयारी अवस्थामा रहन समेत जानकारी गराईन्छ ।’

उनले थुनामा रहेका आरोपीका श्रीमतीले चिकित्समाथि बाल हिंसा गरेको भनेर मुद्दा दायर गरेको पनि सुनाए । उनले यो देश कानून र विधिले चलेको सुनाउँदै कसैलाई पनि कानून हातमा लिने अधिकार नभएको बताए । उनले भने,‘नभएको घट्ना बनाएर थुना पुर्जी जारी गरिएको छ, यो फिर्ता लिनुपर्छ ।

हामी सेतो कोट लगाउनेले अहिले कालो कोटकोझैं मुलुकी ऐन पढ्नुपर्ने अवस्था आएको छ ।’ उनले चिकित्सकमाथि लगाइएको झुटा मुद्दा फिर्ता लिन चेतावनी दिएका छन् ।

कार्यक्रममा बरिष्ठ अधिवक्ता प्रा.डा. गान्धी पण्डितले यो घट्नाले चिकित्सकको सुरक्षामाथि प्रश्न उठेको सुनाए । उनले चिकित्सकमाथि कुटपिट गर्नेमाथि कानूनी कारबाही हुनुपर्नेमा जोड दिए ।

उनले चिकित्सकमाथि कपोकल्पित रूपमा उल्टै मुद्दा लगाउनु र पक्राउ पुर्जी जारी गरिनु न्यायसंगत नभएको टिप्पणी गरे । उनले चिकित्सकले ती बालकलाई कहीँ कतै हिंसा गरेको नदेखिएको सुनाए ।

## सिट बाँडफाड...

पृष्ठ १ बाट जारी

कार्यदलको बैठक आज साँझ ५ बजे बस्ने उनको भनाइ छ ।

नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला संयोजक रहेको कार्यदलमा कांग्रेसबाट महामन्त्री गगनकुमार थापा र सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं पार्टीका नेता ज्ञानेन्द्रबहादुर कार्की, माओवादी केन्द्रबाट महासचिव देव गुरुङ र उपमहासचिव वर्षमान पुन छन् । यसैगरी नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल, जसपाबाट नेताहरू रामसहायप्रसाद यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा कार्यदल सदस्य छन् ।

सकेसम्म बढी सिट आफ्नो भागमा पार्ने प्रयासमा दलहरू लागेका छन् । जसकारण सिट बाँडफाडमा ढिलाइ भइरहेको नेताहरूको भनाइ छ । गठबन्धनमा आबद्ध दलका शीर्ष नेताहरूसमेत निरन्तर छलफलमा रहेका छन् । तर, नतिजा निस्किएको छैन । यता सिट बाँडफाडको विषय नटुंगिए पनि दलहरूले आ-आफ्नो हिसाबले जिल्ला जिल्लाबाट उम्मेदवार सिफारिस गरिरहेका छन् । सिट बाँडफाडमा ढिलाइ हुँदा पार्टीभित्रै उम्मेदवार मिलाउन कठिन हुने अवस्था सिर्जना भएको एक नेताले स्वीकार गरे । यद्यपि, आगामी चुनावमा चुनावी तालमेल गर्ने सहमतिबाट पछि नहट्ने उनको दाबी छ ।

## टिकटक बनाउने बहानामा मोटरसाइकल चोरी

**काठमाडौं (प्रस)–** टिकटक बनाउने बहाना बनाई मोटरसाइकल चोरी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-१० ठेगाना भएका ३२ वर्षीय रामचन्द्र रावल, सोही ठाउँ ठेगाना भएका १८ वर्षीय किशोर र सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका-४ टाकुरे ठेगाना भएका ३२ वर्षीय पुस्कर काफ्ले रहेका छन् ।

काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट मोटरसाइकल चोरी भएको घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले मोटरसाइकल चोरी गर्ने, पार्टपुर्जा बिक्री वितरण गर्ने र चोरीको सामान किन्ने कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो ।

## Roshi Rural Municipality
## Roshi-07, Kavre
### Bagmati Province, Nepal

**NOTICE FOR TENDER PUBLICATION**

Date of Publication:2079/05/22

This is to notify that online invitation for bids is published for following project listed in the E-GP System **(https://bolpatra.gov.np/egp)** of government of Nepal Bidders can only bid electronically for further details bidders are Requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO' Website **https://bolpatra.gov.np/egp.**

**Contract Details**

| Name Of Project | Contract ID | Estimate Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee(NRs) |
|---|---|---|---|---|
| Upgrading of Barpipal Kimbe Masrange Deurali Road,Roshi-03 | RRM/UBKMD/W/NCB/02-2079/80 | 1,93,61,036.65 | 5,00,000 | 3000 |

**Roshi Rural Municipality**
**Chief Administration Officer**

## शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.
### मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं. ४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०५/२२**

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीले यस संस्थासँग कर्जा लिंदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा/व्याज रकम समय समयमा भुक्तानी गर्नुपर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा/व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक-पटक मौखिक तर/ताकेता गर्नुका साथै पटक-पटक पत्रद्वारा जानकारी गराउँदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समयभित्र आफ्नो सम्पूर्ण साँवा/व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । माथि उल्लेखित समय अवधि भित्र ऋणीले कर्जा नतिरेमा जमानीकर्ता आफैंले उक्त कर्जा लिँदा गरेको व्यक्तिगत धनजमानी, लिखतका कबुल शर्तअनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । तोकिएको अवधिभित्र पनि साँवा/व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य बिद्यमान कानुनमा व्यवस्था भएअनुसार ऋणीले कर्जा लिँदा कर्जा सुरक्षण बापत लेखी दिएको धितो लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनुका साथै कालो सूचीमा समावेश गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | साक्षी/जमानीको विवरण | धितो विवरण |
|---|---|---|
| **नाम थर** : वुनु राई<br>**बाबुको नाम** : धन बहादुर तामाङ<br>**ससुराको नाम** : शिव बहादुर राई<br>**पतिको नाम** : धन कुमार राई<br>**स्थायी ठेगाना** : साविक कपन गा.वि.स.३, काठमाडौं<br>**हालको ठेगाना** : बुढानीलकण्ठ न.पा.७, काठमाडौं<br> | **नाम, थर** : धन कुमार राई<br>**स्थायी ठेगाना** : खोटाङ जिल्ला बाकाचोल गाविस वडा नं.१<br>**हालको ठेगाना** : बुढानीलकण्ठ न.पा.७, काठमाडौं<br><br>**नाम, थर** : सिद्धार्थ राई<br>**ठेगाना** : काठमाडौं जिल्ला बुढानीलकण्ठ न.पा.७, च्यासिन्डोल, काठमाडौं<br> | **घर/जग्गाधनीको**<br>**नाम थर** : वुनु राई<br>**ठेगाना** : काठमाडौं जिल्ला इचंगुनारायण वडा नं.६<br>**कित्ता नं** : ४३६<br>**क्षेत्रफल** : १२३.२१ व.मि. |

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GS PAPERBOARD & PACKAGING SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/२१ | LT. No. 270854 | चलानी नं. ६०१८७०३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 100 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३१ गते (16th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**A.K. OVERSEAS (PVT.) LTD.**
श्रम ईजाजत नं.४९४/०६१/०६२
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014427427
Email: akoverseas@enet.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HIND AYID NAFLE AL SADY TRADING AND CONTRACTING EST
पुर्व स्वीकृति मिति:२०७८/१२/१६ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ | LT. No. 260548 | चलानी नं.६०१७६९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1500 | ५०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. 267/058/059
Kupondole (Opposite Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NAJMA AL QURAIN SALON FOR MEN'S COMPANY.
पूर्व स्वीकृति मिति २०७८/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२१ | LT. No.254371 | चलानी नं. ६०१७०५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/Pedicure/Massager | 3 | 0 | 120 | ४९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADIF TRADING EST (CR NO.-1010567110)
पूर्व स्वीकृति मिति: २०७९/०५/०७ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ | LT. No.270058 | चलानी नं. ६०१८५९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Operator | 2 | 0 | 2500 | ८४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १०१५/०६८/६९
Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :SYNTECH PRECISION & ENGINEERING SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०५/१७ | LT. No.270769 | चलानी नं.६०१८६७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :JETONE INDUSTRIES SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०५/१७ | LT. No.270767 | चलानी नं.६०१८६७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :OLD CHANG KEE MANUFACTURING SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०५/२० | LT. No.270768 | चलानी नं.६०१८६९३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ZIA INTERNATIONAL SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. ६३३/०६३/०६४
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-4116653/ 4116654
E-mail: ziaintls@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# प्रेसमाथि अंकुस अस्वीकार्य

नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको कुरा बेलाबेला उठिरहन्छ। खासगरी प्रेस जगत र सरकारकाबीचमा जहिले पनि दूरी हुन्छ। भनिन्छ, प्रेस भनेको स्थायी प्रतिपक्ष हो। वास्तवमा राज्य सञ्चालक र राज्यका विभिन्न निकायमा भइरहेको बेथिति, अनियमिततालगायतका विषयमा खबरदारी गर्ने भनेको सञ्चार क्षेत्र नै हो। त्यसैले सञ्चार क्षेत्रलाई 'वाचडग' मानिन्छ। तर, जहिल्यै पनि सत्ता र शक्तिमा रहनेहरू सञ्चारमाध्यम आफूअनुकूल चलेको चाहन्छन्। उनीहरू जब सत्ता र शक्तिमा हुँदैनन् त्यतिबेला प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको चर्को कुरा गर्छन् तर, आफू त्यो ठाउँमा पुगे सबै बिर्सिदिन्छन्। यसैको उदाहरणका रूपमा लिन सकिन्छ– सरकारले ल्याएको मिडिया काउन्सिल विधेयक।

२०७६ साल माघ २३ गते राष्ट्रिय सभाले पारित गरेर हालसम्म अलपत्र अवस्थामा रहेको 'मिडिया काउन्सिल विधेयक' यही भदौ १७ गते शुक्रबार प्रतिनिधिसभामा प्रस्तुत भएको छ। राष्ट्रिय सभाले संशोधनसहित पारित गरेको उक्त विधेयकमा रहेका कतिपय प्रावधानहरूप्रति नेपाल पत्रकार महासंघलगायत पत्रकारितासँग सम्बन्धित संघ, संस्थाले गम्भीर चासो र विमति राख्दै आएका छन्।

उक्त विधेयक राष्ट्रिय सभामा दर्ता भएसँगै प्रेस स्वतन्त्रताविरोधी प्रावधान सच्याउन महासंघ सडक संघर्षमासमेत उत्रिएको थियो। महासंघको दबाबकै कारण राष्ट्रिय सभाबाट विधेयकमा रहेका समाचार लेखेकै कारण पत्रकारहरूलाई १० लाख रूपैयाँसम्म जरिवाना गर्ने, सरकारले नियुक्त गरेका व्यक्तिले पत्रकारको परीक्षा लिएर पत्रकारिता गर्न अनुमति दिनेलगायतका कैयौं प्रेस स्वतन्त्रताविरोधी प्रावधान सच्याइएको छ। तर, अझै पनि विधेयकमा रहेका कतिपय व्यवस्थाहरू प्रेस स्वतन्त्रतामैत्री नभएको र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं स्वतन्त्र पत्रकारिताको मान्यताविपरीत रहेका बताइन्छ।

पत्रकारिता क्षेत्रलाई स्वनियमनतर्फ उत्प्रेरित गर्नका लागि स्वायत्त नियामक निकायको महसुस भई आमसञ्चार नीति २०७३ को मर्मअनुसार मिडिया काउन्सिलको गठनसम्बन्धी व्यवस्था गरिनुपर्नेमा विधेयकमा काउन्सिलको स्वायत्ततालाई कमजोर बनाउने तथा सरकारको नियन्त्रण कायमै राख्ने प्रावधान यथावत् छ। काउन्सिलको स्वायत्तता, यसको संरचना र गठन विधि एवं अधिकार क्षेत्रलगायतका विषयमा पत्रकार महासंघले चासो राखेको छ। काउन्सिलका अध्यक्ष र सदस्यको नियुक्ति प्रक्रियामा सरकारी नियन्त्रण हुन नहुने तथा काउन्सिल बोर्डमा सांसद, सञ्चार उपभोक्तासहित महासंघले निर्वाचित गरेर पठाएका सातै प्रदेशका पत्रकारहरू रहनुपर्ने महासंघको जोड छ।

प्रेस स्वतन्त्रतामा कुनै पनि प्रकारका संकुचन हुनेगरी तथा स्वायत्त नियामक निकायका रूपमा परिकल्पना गरिएको मिडिया काउन्सिल विधेयकलाई कमजोर बनाउनु हुँदैन। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन गरिनु हुँदैन। नेपालको संविधानको धारा १७ मा विचार तथा अभिव्यक्ति स्वतन्त्रता, धारा १९ सञ्चारको हक, धारामा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ। संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रताको विषय उल्लेख छ। यी सबै विषयलाई ध्यान दिँदै मिडिया काउन्सिल विधेयकमा भएका प्रतिकूल प्रावधानहरू हटाइनुपर्छ। प्रेसमाथि लगाउन खोजिएको अंकुस स्वीकार्य छैन।

# पर्यटनमा आयाम थप्दै बन्दीपुर

▶▶ कृष्ण न्यौपाने

बाह्रै महिना शीतल, चिसो हावापानी। आँखै अगाडि सेताम्मे हिमाल। बिहानै झुल्किने घामको पहिलो प्रहर। समुन्द्री सतहबाट एक हजार ३० मिटर उचाइमा अवस्थित बन्दीपुरको चिनारी हो यो।

कोलाहल, धुवाँधुलोबाट केही टाढा घुम्न जाने सोच बनाएकालाई अहिले तनहुँको 'पहाडकी रानी' नामले परिचित बन्दीपुर उत्कृष्ट गन्तव्यका रूपमा विकास भइरहेको छ। सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ। यहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ।

प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृंखला देखिने भएकाले यहाँ पुग्ने जोसुकैको मन लोभिने गर्दछ। भक्तपुरे शैलीमा निर्माण गरिएको घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्गदेवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थल यहाँ आउने पर्यटकको पहिलो रोजाइ बन्ने गरेको छ।

सुन्दर हिशृंखलाको अवलोकनका साथै सूर्यास्तको दृश्य हेर्न र स्थानीय नेवारी कला संस्कृतिसँग रम्न पाइने भएका कारण पर्यटकको पहिलो रोजाइमा बन्दीपुर पर्दछ। तर, संरचना विकासमा नेपाल सरकारले खासै ध्यान नदिएको भन्दै बन्दीपुरेले नयाँ-नयाँ कार्यक्रम छनोट गरेका छन्। अहिले बन्दीपुर वरपर नयाँ गन्तव्यको खोजी चलिरहेको र पर्यटकलाई होमस्टे (घरबास) र सुविधा सम्पन्न होटेलको व्यवस्था पनि बन्दीपुरेले गरेका छन्।

बन्दीपुर घुम्न आउने पर्यटकलाई आकर्षित गर्न बन्दीपुरमा सुविधा सम्पन्न होटेल रहेका छन्। बन्दीपुर आउने पर्यटक यहाँको हावापानी, संस्कृति, रीतिरिवाज देखेर एकदमै आकर्षित हुने गरेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसन प्रधान बताउँछन्। दुई/तीन दिनमात्रै बस्ने गरेर आएका पर्यटक पनि यहाँ आइसकेपछि थप केही दिन बसेर मात्र फर्किने गरेको उनको भनाइ छ। बन्दीपुर घुम्नमात्रै आउनेमध्ये अधिकांश पर्यटक पनि कम्तीमा एक रात बास बस्ने गरेको प्रधान बताउँछन्। बन्दीपुर पर्यटन विकास समितिले बन्दीपुरको प्रचारका लागि बेलाबेला महोत्सवकोसमेत आयोजना गर्दै आइरहेको छ।

कोभिड-१९ को बन्दाबन्दीका बेला सुस्ताएको बन्दीपुरको पर्यटन अहिले तंग्रिने प्रयासमा छ। कोभिडका बेला बन्दीपुर ठप्पै भयो। विदेशी पर्यटकको पनि बाक्लो उपस्थिति रहने यहाँ त्यसबेला विदेशी त के नेपाली पर्यटकको पनि चहलपहल भएन। 'कोभिडले पर्यटन व्यवसाय र यहाँका व्यवसायीलाई नराम्ररी प्रभावित बनायो, अहिले विस्तारै तंग्रिने प्रयास गरिरहेको छ,' उनी भन्छन्, 'अहिले फाट्टफुट्ट मात्रै पर्यटक छन्, विस्तारै राम्रै होला।'

अब सिजन सुरु हुनेबेला भएकाले पर्यटकको चहलपहल हुनेमा व्यवसायी आश्वस्त छन्। जाडो मौसम सुरु भएसँगै बन्दीपुर घुम्न आउने पर्यटकको चहलपहल बढ्छ। बन्दीपुर घुम्न आउने पर्यटकलाई यहाँका पर्यटकीय एवं ऐतिहासिकस्थलको बारेमा जानकारी दिने गरिएको छ। बन्दीपुरमा ढुंगाले छापेको बाटोबाट सवारीसाधन जान निषेध गरिएको र पुराना घर भएकाले पनि विदेशी आकर्षित हुने गरेका छन्।

बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमश्रृंखला देखिन्छ। भक्तपुरे शैलीमा निर्माण गरिएका घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्गदेवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थल यहाँ आउने पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ।

### मौलिकताको नमुना सहर

बन्दीपुरमा रहेका परम्परागत घरका कारण यहाँको पर्यटनमा टेवा मिलेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापा बताउँछन्। काठका बुट्टा कुँदिएका झ्याल तथा ढोकाहरू, इँटाबाहिर देखिने प्यागोडाशैलीका घर बन्दीपुरको मुख्य आकर्षणका रूपमा रहेको थापाको भनाइ छ।

अठारौं शताब्दीमा भक्तपुर र बनेपाबाट आएका नेवारले भक्तपुरे शैलीमा घर र ढुंगा बिछ्याइएको बाटो निर्माण गरेको स्थानीय बताउँछन्। बन्दीपुरमा अहिले पनि घर निर्माणमा मौलिकता अपनाउने गरिएको छ। बन्दीपुर बजारमा भएका पुरानो घरको आकर्षणले गर्दा पर्यटकको आगमन बढ्दै गएकाले गाउँपालिकाले बजार क्षेत्रभित्र आधुनिक र पश्चिमेली शैली झल्किने गरी घर बनाउन निषेध गरेको उनले बताए।

गाउँपालिकाले बन्दीपुर रिङरोडभित्र र रिङरोडबाहिर ५०० मिटर क्षेत्रलाई संरक्षित उपक्षेत्र घोषणा गरेको छ। यस क्षेत्रभित्र घर बनाउँदा बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड २०७२ का साथै गाउँपालिकाले बनाएका केही नियम पालना गर्नुपर्ने थापाले बताए।

'बन्दीपुरको प्राचीनकला तथा संस्कृति झल्किने घरको कारणले नै आज बन्दीपुर विश्वभर प्रख्यात भएको छ। बन्दीपुरको मौलिकता जोगाउन आधुनिक घर निर्माणमा रोक लगाएका छौं,' उनले भने। बजार क्षेत्रमा प्राचीन कला तथा संस्कृतिको संरक्षण हुनेगरी घर निर्माण गर्दा गाउँपालिकाले नक्सापासमा ५० प्रतिशत छुट दिने व्यवस्थासमेत गरेको छ।

बजार क्षेत्रभित्र बनिसकेका घरको अगाडिको भाग प्राचीनशैलीमा निर्माण गर्न स्थानीयवासीलाई गाउँपालिकाले अनुरोधसमेत गरेको छ। उपक्षेत्रभित्र घर निर्माण गर्दा परम्परागत नेपाली शैली एवं आकारप्रकार काठका झ्याल, ढोका पसलको कवलमासमेत राख्नुपर्ने, चोकमाथि पर्नेगरी क्यान्टिलिभिर, बार्दली, कोठा निकाल्न नपाइने, बाहिरी गारोमा प्लास्टर नगरी प्रस्टसँग इँटा देखाउनुपर्ने, बाटो वा चोकतर्फ देखिने भागमा स्लोप छाना हुनुपर्नेलगायतका नियम बनाइएको छ।

कला, वास्तुकला एवं धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको ठाउँमा, स्मारक वा स्मारकको कम्पाउण्डको वरिपरिका पहिलो पंक्तिका घर स्मारकभन्दा होचो हुनेगरी निर्माण गर्नुपर्नेछ। 'देशकै मध्यभागमा पर्ने, यातायातको सुविधा पुगेको र गण्डकी प्रदेशको दोस्रो पर्यटकीय गन्तव्यका रूपमा बन्दीपुर विकास भइरहेको छ,' थापाले भने, 'प्रदूषण र कोलाहल नभएकाले पनि बन्दीपुरमा पर्यटक आउन रुचाउँछन्।'

### सुविधा सम्पन्न होटल खुल्दै

बन्दीपुरमा पर्यटकको आगमन वृद्धि हुन थालेपछि व्यवसायीलेसमेत सुविधा सम्पन्न होटल स्थापना गरेका छन्। वि.सं. २०५६ मा सरकारले बन्दीपुरलाई पर्यटकीय गन्तव्यका रूपमा स्वीकृति दिएपछि यस क्षेत्रमा होटल निर्माण सुरुआत भएको थियो।

पर्यटन व्यवसायी सन्तकुमार श्रेष्ठले करोडौं लगानीमा बन्दीपुर माउन्टेन रिसोर्ट स्थापना गरेपछि यस ठाउँले गति लिन थालेको थियो। वि.सं. २०५७ मा श्रेष्ठले पहिलोपटक रिसोर्ट स्थापना गरेको बन्दीपुरमा हाल हिमालय दरबार, ग्रिनपार्क, फेवा, गाउँ घर, वर्ल्ड इन, बन्दीपुर प्यालेस, मगर भिजेललगायत साना ठूला गरी ५७ वटा होटल तथा २२ वटा होमस्टे सञ्चालनमा छन्। ती सबै होटलमा एकैपटक एक हजार ३०० देखि एक हजार ४०० पर्यटकले रात बिताउनसक्ने बताइएको छ।

पर्यटन विकास समितिका पूर्वअध्यक्ष वैश गुरुङले केही वर्ष अगाडि मात्रै आठ करोड रूपैयाँको लागतमा होटल सञ्चालनमा ल्याएका छन्। बन्दीपुरमा कोभिड-१९ को प्रभाव अगाडि पनि नयाँ-नयाँ होटल सञ्चालनमा आइसकेका छन्।

### २० वर्षे गुरुयोजना

गाउँपालिकाले २० वर्षे गुरुयोजना तयार गरिसकेको छ। विश्वभर प्रख्यात ऐतिहासिक पर्यटकीय नगरी बन्दीपुरको विकासका लागि विभिन्न पक्षलाई समेटेर गुरुयोजना बनाइएको गाउँपालिकाले जनाएको छ।

काठमाडौं, पोखरा र सौराहाजस्ता पर्यटकीय केन्द्रका बीचमा रहेको बन्दीपुरलाई यिनै केन्द्रहरूको पनि केन्द्रको रूपमा विकास गर्ने गाउँपालिकाको सोच रहेको छ। बन्दीपुर आफैंमा एउटा प्राकृतिक सौन्दर्यता र पर्यटकीय सम्भावना बोकेको ठाउँ भएकाले यसलाई संरक्षण, सम्वर्द्धन र विकास गरी यो क्षेत्रको प्रमुख आयस्रोत नै पर्यटन बनाउने योजनासहित गाउँपालिकाले कार्यक्रम अगाडि बढाउने अध्यक्ष थापाले बताए।

### पाँचतारे होटलसहितको केबलकार आकर्षण


बन्दीपुरमा पाँच तारे होटलसहितको केबलकार निर्माण तीव्र गतिमा भइरहेको छ। कोभिडका कारण केही समय काम प्रभावित भए पनि अहिले उक्त कामले गीत लिएको छ। बन्दीपुरको पर्यटनलाई थप प्रवर्द्धन गर्ने माध्यम केबलकार पनि बन्नसक्ने विश्वास गरिएको छ। पाँचतारे होटलसहित निर्माण भइरहेको परियोजनाको काम हालसम्म ७५ प्रतिशत सकिएको बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडले जनाएको छ।

वि.सं. २०७५ साउनदेखि निर्माण सुरु भएको केबलकार परियोजना विभिन्न कारणले ढिलाइ हुँदै आएको लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले बताए। 'दुई वर्ष त कोभिड-१९ र बन्दाबन्दीका कारण परियोजनाको काम नराम्ररी प्रभावित भयो,' उनले भने, 'त्यसयता पनि निर्माण सामग्री समयमै आउन नसक्दा काम ढिलाइ हुँदै आयो। अहिले तीव्ररूपमा काम अगाडि बढेको छ।'

उनका अनुसार यतिबेला केबलकार परियोजनाको काम द्रुत गतिमा अगाडि बढाइएको छ। केबलकार आगामी नयाँ वर्षदेखि सञ्चालनमा ल्याउनेगरी काम थालिएको शर्माले बताए। 'वि.सं. २०८० वैशाख १ गतेदेखि केबलकार सञ्चालनमा आउँछ, केबलकारको टावर जडान सुरु भएको छ,' उनले भने।

केबलकार र होटलको क्षमता बढेकाले लगानी पनि वृद्धि भएर दुई अर्ब ६० करोड रूपैयाँ पुगेको छ। यसअघि केबलकारको क्षमता प्रतिघण्टा ३०० रहेकामा त्यसलाई बढाएर ५०० पुऱ्याइएको छ। होटलको कोठा संख्या ६६ रहेकामा त्यसलाई बढाएर ८७ पुऱ्याइएको छ। १० तलाको होटलसहितको भवनमा आधुनिक भ्युटावर, बैंक्वेट हल र ८० कोठाका स्तरीय होटल निर्माण हुनेछ। होटलको पूर्वाधारको काम सकिएको र सजावटको काम बाँकी रहेको शर्माले बताए।

कम्पनीले केबलकारभित्रै रेस्टुरेण्ट सञ्चालनको तयारीसमेत गरेको छ। साँझ ५ बजेपछि केबलकारभित्रै रेस्टुरेण्ट सञ्चालन हुनेछ। एक घण्टाको २५ हजार रूपैयाँ शुल्क तिरेपछि १०/१५ हजार रूपैयाँ बराबरको खानाको सुविधा पनि दिइने जनाइएको छ। 'केबलकारभित्र रेस्ट्रोको सुविधा प्रत्येक आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको अफ आवर साँझ ५ बजेदेखि ९ बजेसम्म यो सेवा दिने तयारीमा छौं,' शर्माले भने। उनका अनुसार तल्लो र माथिल्लो स्टेसनमा रेस्टुरेण्ट हुने भएकाले रेस्ट्रो प्याकेजमा सेवा दिन सक्नेछ। *रासस*



कोलाहल, धुवाँधुलोबाट केही टाढा घुम्न जाने सोच बनाएकालाई अहिले तनहुँको 'पहाडकी रानी' नामले परिचित बन्दीपुर उत्कृष्ट गन्तव्यका रूपमा विकास भइरहेको छ। सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ। यहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ।

## मननयोग्य

### चाणक्य नीति

झुपडीमा एउटा साधारणजस्तो शैय्यामा उनकी पत्नी शान्त स्वभावले थांनामा पल्टी आफ्नो छोरालाई हेरिरहेकी छिन्। आचार्य हिँडेको पाइलाको आवाज सुनेर उनी ढोकातिर खुसीको हाँसो हाँसेर हेर्दै भन्छिन्- 'स्वामी ! ईश्वरले हाम्रो प्रार्थना सुने, हामीलाई पुत्ररत्न प्राप्त भएको छ, ती परमात्मालाई कोटीकोटी प्रणाम ! हामी वृद्धावस्थामा भएकालाई सहारा दिए।

आचार्य चणकले भने- 'देवी ! मेरा लागि त ईश्वर तिमी नै हौ किनकि - पुत्ररत्नको प्राप्ति मलाई तिमीबाट नै भयो। यो कुरा त्यो नवागन्तुकले पनि सुनिरहेको छ कि जस्तो भान ती दम्पतीलाई भयो, उता त्यो नवागन्तुक आफ्ना हातखुट्टा हल्लाउँदै हाँस्छ। बालकको मुखमण्डल एक अलौकिक तेजले देदीप्यमान छ।

आचार्य चणक भन्छन्- 'हाम्रो कुलमा धेरै वर्षपछि कुलदीपक पाइयो। अतः म यसको नाम आफ्नो कुलअनुसार नै राख्छु, यसको नाम 'कौटिल्य' हुनेछ। चाणकका कुलको नाम 'कौटिल' थियो।'।

आचार्य चणक मनमनै सोच्दै भन्छन्- 'छोरो त मलाई ईश्वरले दिए, तर म यसलाई के दिन सक्छु ? यो कुनै राजाको घरमा जन्म लिन्थ्यो भने यसले राज्य गर्दथ्यो तर म ? म त यसलाई खाली ज्ञान वा विद्या नै दिन सक्छु।' प्रत्युत्तर पनि स्वयम् आत्माबाटै यस्तो निस्कन्छ कि 'ज्ञान धनभन्दा ठूलो' हुन्छ। विद्वान्का साथमा धन नहोस् तर धनीहरू अन्तमा विद्वानकै आश्रय लिने गर्छन् र भन्ने गरिन्छ 'विद्वान् सर्वत्र पूज्यते'। त्यसकारण विद्वान् सबैबाट पूज्य हुँदै आएका छन्। म आफ्नो छोरालाई यति शिक्षा दिन्छु कि स्वयम् राजा र राज्य यसका अगाडि झुकून्। **क्रमश :**

## पत्र–मञ्जुषा

# वित्तीय संस्थामा बचत गर्दा सचेत बनौं

मुलुकभर वा राजधानीमा सञ्चालित बैंकहरूबाट धमाधम पैसा निकाल्ने क्रम जारी छ। यसरी पैसा निकाल्नुको रहस्य के होला त ? बैंक पुग्दा निकाल्ने मात्र भेटिन्छन्, डिपोजिट गर्ने शून्यझैं भइसकेको छ। पछिल्लो समय सहकारीहरू अर्बौं रूपैयाँ लिएर भागिरहेका छन्। जसको त्रास जनताहरू देखिएको छ। सहकारीपछि बैंक पनि भाग्ने त होइन भनेर जनताको मनमा परिसकेको छ। त्यसैले पनि पैसा निकाल्नेको भीड लागेको बुझिन्छ।

निजी बैंकले धेरै ब्याज दिन्छ तर विश्वासनीयता छैन। सरकारी बैंकले ब्याज नै थोरै दिन्छ। बैंकबाट यसरी पैसा निकालेर अब कहँ लगेर राख्ने ? अहिले प्रायःजसोले पैसा निकाल्दै आफ्नो घरमा लगेर थुपार्दै गएको पाइन्छ। विपक्षी दल नेकपा एमालेले तारन्तार नेपाल श्रीलंका हुन्छ भनेर घोषणा गरेको गऱ्यै छ। उता, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले समेत हरेक कार्यक्रममा नेपाल श्रीलंकाकै बाटोमा गइरहेको छ भनेर दाबा गरिरहेका थिए।

प्रधानमन्त्री शेरबहादुर देउवाले बालुवाटारमा बोलाएर आफ्नो जागिर खोस्ने डर देखाएपछि मात्र गभर्नर अधिकारी चुप लागेका हुन्। विद्यार्थी संगठनहरूसमेत बालुवाटार घेर्न पुगेका थिए। अहिले ती संगठनहरू पनि मौन छ। जागिर बचाउनका लागि गभर्नर अधिकारीले सत्यतथ्य बाहिर ल्याउन चाहेका छैनन्। प्रश्न उठेको छ, 'यसअघि बारम्बार नेपालको अर्थतन्त्रको बारेमा बोल्ने व्यक्ति अहिले किन गुपचुप छन् ?'

राष्ट्र बैंकको मौद्रिक नीतिले घरजग्गा, सेयर र गाडीमा कर्जा लगानी नगर्न कडा निर्देश गरेको छ। यो क्षेत्र अत्यन्तै जोखिमपूर्ण भएकाले राष्ट्र बैंकले कडा मौदिक नीति ल्याएको हो। तर, बैंकहरूले अझै पनि सरकारको निर्देशनलाई बेवास्ता गरेको छ। आफ्ना नजिकका आफन्तलाई घुस खाएर यी क्षेत्रमा कर्जा दिने क्रम जारी छ। यता, सहकारीमा पैसा राख्ने क्रम ठप्प भएपछि, तरलता देखिएपछि सहकारी महासंघले पनि उल्लेखित तीन क्षेत्रमा लगानी नगर्न आदेश दियो।

यी क्षेत्रमा कर्जा ठ्याक्कै रोक्न निर्देशन महासंघले दिएको थियो। बैंकमा पैसा निकाल्नेको भीड र सहकारी टाट पल्टिएको देख्दा नेपालको अर्थतन्त्र श्रीलंका हुन्छ भनेर बुझ्न धेरै बेर लाग्दैन। सरकारलाई विश्वास नगर्नु पैसा निकालेर घरमा लगेर राख्नुको प्रमुख कारण हो। वित्तीय संस्थामा राजनीतिक दलको दबदबा छ। आफ्नो कार्यकर्ता भर्ती गरेका छन्। कार्यकर्ताले वित्तीय संस्था चलाउन सक्छ ?

वित्तीय संस्थामा काम गर्नेले पैसा चिनेको हुनुपर्छ। उसको पढाइ पनि वित्तीय संस्थालाई पसाउने खालको हुनुपर्छ। तर, यहाँ त राजनीतिक दलको झोले बन्यो भने जहँ पनि छिर्न पाइहालिन्छ। अनि कहाँबाट नेपालका वित्तीय संस्था उभो लाग्छ ? वित्तीय संस्थामा पनि राजनीतिक हस्तक्षेप छ। राजनीतिक दलकै कारणले पनि वित्तीय संस्था सकिँदै छन्। अझै पनि वित्तीय संस्थामा समस्या आउने निश्चित छ।

बरु, ब्याज चाहिँदैन, सावाँ जोगाउँछु भनेर हिँडिरहेका छन्, बचतकर्ता। सबैले ब्याजको माया मारिसकेका छन्। जनताले विश्वास नगरेपछि बैंक, फाइनान्सले कर्जा पनि दिन सक्दैनन्। कर्जा लगानी गरेन भने वित्तीय संस्था कसरी चल्छ ? आखिरी सबैभन्दा शक्तिशाली त जनता नै हुन्। जनताबाट वित्तीय संस्था नांगिसकेका छन्। अब बैंकहरूले कि हात उठाउनुपऱ्यो कि जनताको विश्वास जित्न सक्नुपऱ्यो।

अब पैसा बचत गर्नुअघि धेरै कुरा सोचौं। आफूले खाइनखाई जोगाएको रकम डुब्न सक्छ। बेलैमा सोचविचार गरौं।

– *रवीन्द्र साह, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## पछि हटयो ...

पृष्ठ १ बाट जारी

गर्नुपर्ने गरी सांसदहरूले हालेको संशोधनको प्रस्ताव सरकारले स्वीकार गरेपछि अब विवाद समाप्त भएको छ । कानुनमन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले हाल विवादमा रहेको विधेयकको व्यवस्था झिक्ने प्रस्तावमा प्रतिबद्धता व्यक्त गरेका थिए । सोहीअनुसार विधेयकमार्फत संसद्को कार्यकाल लम्ब्याउने प्रस्ताव फिर्ता लिइएको छ ।

सरकारले प्रतिनिधिसभामा दर्ता गराएको 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक'मा प्रदेश र प्रतिनिधिसभाको कार्यकाल नयाँ निर्वाचन भई पहिलो बैठक बसेको दिनबाट गणना गरिने उल्लेख थियो ।

तर, त्यसको विरोधमा प्रमुख प्रतिपक्षसहित सत्तारुढ दलबाटै ११ वटा संशोधन प्रस्ताव पेस भएका थिए । सत्ता गठबन्धनमा भएको समझदारीका आधारमा नेपाली कांग्रेसका सांसदहरू गगनकुमार थापा, प्रकाश रसाइली स्नेही तथा एकीकृत समाजवादीका सांसदहरूले संशोधन दर्ता गरेका थिए ।

त्यसपछि सरकारले केही नेपाल ऐन संशोधनमार्फत प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल गणना गर्नेसम्बन्धी व्यवस्था फिर्ता लिएको छ । मंगलबारको प्रतिनिधिसभा बैठकमा कानुनमन्त्री कोइरालाले केही नेपाल ऐन संशोधन विधेयकमा भएको दफा १३, १४ र १५ हटाएको जानकारी दिएका हुन् । दफा १३ मा निर्वाचन आयोग ऐन २०७३ माथि संशोधन गर्न प्रस्ताव गरिएको थियो । दफा १४ मा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ माथि संशोधन थियो । जसमा प्रतिनिधिसभाको कार्यकालको गणना पहिलो बैठक बसेको दिनबाट गर्ने उल्लेख थियो ।

उक्त प्रस्तावले निर्वाचनपछि पनि प्रतिनिधिसभा कायम रहने भन्दै विरोध भएपछि सरकारले फिर्ता लिएको हो । यसैगरी, दफा १५ मा प्रदेशसभाको कार्यकालसम्बन्धी व्यवस्था थियो । कानुनमन्त्री कोइरालाले बैठकमा उक्त दफाहरू फिर्ता लिएको बताएका हुन् । सांसदहरूले ती दफाहरूमा संशोधन प्रस्ताव दर्ता गराएका थिए । सरकारले केही नेपाल ऐन संशोधन विधेयकबाट कार्यकाल तोक्नेसम्बन्धी दफाहरू झिकेपछि अन्य कानुनमा संशोधन गर्ने विधेयक भने प्रतिनिधिसभाको बहुमतबाट पारित भएको छ ।

## कसले के...

पृष्ठ १ बाट जारी

घोषणासँगै कार्यकाल सकिनुपर्नेमा नसकिएको उनको भनाइ छ ।

'दुईखाले सांसद खडा गर्ने प्रयास गरिएको छ । एमालेले त्यसलाई मान्यता दिँदैन । नोमिनेसनको अघिल्लो दिन प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल समाप्त हुनुपर्छ,' भट्टराईले भने, 'प्रमुख प्रतिपक्ष दलको पनि समर्थनमा ल्याएको भनिएको सुनियो । तर, मसमेत उपस्थित बैठकमा राखेको प्रस्तावमा समर्थन छैन भनेको थिएँ । प्रतिनिधिसभाको कार्यकालका बारेमा राखिएको प्रस्तावमा गम्भीर आपत्ति छ ।'

एमालेकै सांसद शेरबहादुर तामाङले लोकतन्त्रमा लोकको मत नै सबै कुरा हुने भएकाले नयाँ निर्वाचनपछि सांसदहरूको कार्यकाल राख्ने कुरा स्वीकार नहुने बताए । 'अर्को संसद् आउने समयसम्म तलबभत्ता खाएर बस्न सुहाउँदैन । लोकतन्त्रमा लोकले निर्णय गर्ने हो । म्याद बढाउने कुरा फिर्ता लिनूस् । हैन भने संशोधन गर्नूस्,' उनले भने ।

यसैगरी, एमालेकी सांसद विन्दा पाण्डेले संसद्को आयु लम्ब्याउने व्यवस्था गर्दा सार्वजनिकरूपमा सांसदको लोगो लगाएर हिँड्दा लज्जित हुनुपर्ने अवस्था आउने बताइन् । प्रतिनिधिसभामा दर्ता भएको विधेयकमा संशोधन दर्ता गर्दै उनले नयाँ सांसद आउञ्जेल पुरानाले काम गर्ने कुराले लज्जित बनाएको बताइन् ।

'नयाँ निर्वाचित भएर सांसद आइसक्दासम्म पनि सांसद भनेर लोगो लगाएर हिँड्नुपर्ने अवस्था कसरी हुनसक्छ ? जनताले नयाँ निर्वाचित गराउँदा कसरी सांसदको लोगो लगाएर हिँड्न सकिन्छ ?,' पाण्डेले प्रश्न उठाइन् ।

यसैगरी, नेपाली कांग्रेसका महामन्त्रीसमेत रहेका सांसद गगनकुमार थापाले प्रतिनिधिसभाको आयुको विषयमा संशोधनका लागि आएको विधेयक सही समयमा नआएकाले बाहिर तलबभत्ताका लागि आयु बढाउन मरिहत्ते गरेको भन्ने आरोप लागेको बताए । यो विधेयक आवश्यक रहेको तर, यसलाई शान्त वातावरणमा छलफलका लागि अब आउने संसद्लाई छोड्नुपर्ने थापाले बताए ।

केही नेपाल ऐन संशोधनमा संशोधन प्रस्तावमा आफ्नो धारणा राख्दै थापाले भने, 'प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकालको विषय चासोको विषय बनेको छ । हामीले समयको ख्याल गर्नुपर्छ भन्ने प्रमाण हो । सरकारले यसलाई शान्त रहेको समयमा ल्याएको भए सायद छलफल अर्को कोणबाट हुन्थ्यो होला तर, जसरी प्रस्तुत हुनुपर्थ्यो त्यसो नहुनाले बाहिर सांसदहरू एक/दुई महिनाको परिश्रमिकका लागि मरिहत्ते गरिरहेको आरोप लागेको छ ।'

कांग्रेसकै सांसद अतहर कमाल मुसलमानले भने तलबभत्ता नलिनेगरी संसद्लाई कायम राख्नुपर्ने प्रस्ताव गरे । उनले निर्वाचित सांसदहरूलाई स्वागत गर्न र प्रतिनिधिसभालाई अविच्छिन्न राख्न यस्तो राख्नुपर्ने बताए । आउनेलाई स्वागत गर्दै बसेकाले सिट छोडेर स्वागत गर्ने संसारभरको चलन भएको भन्दै उनले केही निर्णय लिनुपर्ने भएकाले कानुन बनाउनु राम्रो भएको बताए ।

'असोज १ गतेबाट आयु समाप्त गरिदिनूस् । दिउँसैबाट गरिदिनूस् । २ गतेबाट प्रतिनिधिसभा विघटन गरिदिनूस् । तर, दुर्भाग्यवस केही भयो भने के होला ?,' मुसलमानले भने । उनले विगतमा पनि यस्तै कार्य भएकाले यसलाई निरन्तर राख्नुपर्ने तर्क गरे ।

कांग्रेसका अर्को सांसद प्रकाश रसाइली स्नेहीले मनोनयनको दिनभन्दा अगावै सांसदहरू पदमुक्त भएर जनताका बीचमा जानुपर्ने बताए । प्रतिनिधिसभा र प्रदेशसभाको आयु लम्ब्याउने गरी दर्ता भएको विधेयकमाथि संशोधन राखेका उनले मंगलबार प्रतिनिधिसभामा बोल्दै भने, 'स्वच्छ र निष्पक्ष निर्वाचन गराउने जिम्मा यो सरकारले लिएको छ । निर्वाचन आयोगले समन्वय गरिरहेको छ । त्यसप्रति हामी प्रतिबद्ध हुनुपर्छ । र, प्रदेश र प्रतिनिधिसभाको जो निर्वाचन हुँदै छ, असोज १ भन्दा अगावै, अथवा असोज २ गते मनोनयन हुने दिनभन्दा अगावै हामी सबै पदमुक्त हुनुपर्छ र जनताका बीचमा जानुपर्छ ।'

स्नेहीले राष्ट्रिय सभाले ऐन बनाएर फागुन २० लाई आधार बनाएजस्तै प्रतिनिधिसभाको आयु सुरुमै स्पष्ट गरेको भए राम्रो हुने बताए । 'अब हामी निर्वाचनको प्रक्रियामा जाँदै छौं । जनादेशका निम्ति जनताको बीचमा जाँदै छौं । त्यो जनादेशका लागि जाने बेलामा संसद्को आफ्नो आयु अर्को संसद्को शपथ नगरेसम्मका निम्ति भनेर जानु उपयुक्त हुँदैन,' सांसद स्नेहीले भने ।

बैठकमा नेमकिपाका सांसद प्रेम सुवालले गणतन्त्रमा पनि पञ्चायतमा जस्तै हुने भए गणतन्त्र र पञ्चायतमा के फरक ? भन्दै प्रश्न उठाए । 'पञ्चालयतको ३० वर्षमा सरकारमा बसेर निर्वाचन लड्ने कुरा थियो । त्यसको विरोध गरिएको हो । बहुदलमा पनि यस्तै भएपछि गणतन्त्र ल्याएका हौं । तर, अहिले के फरक भयो ? फरक नहुने हो भने पञ्चायतमै फर्के हुन्छ,' सुवालले भने ।


### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YM GOLDEN SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/०२ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 265082 चलानी नं. ६०१८११६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 1 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aadarsha Human Resources Pvt. Ltd**

श्रम ईजाजत नं. १०२९/०६८/०६९

Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: +977 1 4112702, 4112704
Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com
Website : www.aadarshahr.com.np



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLAYAN FOOD SERVICES CO

पूर्व स्वीकृति मिति २०७९/०५/२१ LT. No. 270491 चलानी नं. ६०१८६९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 68 | 0 | 1200 | ४०,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Leading Foreign Recruitment Pvt. Ltd.**

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAJMAT AL WESAM COSUMER ORDER DELIVERY COMPANY

पूर्व स्वीकृति मिति २०७९/०३/१९ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 266413 चलानी नं. ६०१८२५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 15 | 0 | 140 | ५७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOLATO SALON AND SPA LADIES CO.

पूर्व स्वीकृति मिति २०७९/०३/२७ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 267121 चलानी नं. ६०१८३०६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 25 | 130 | ५३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GANDAKI OVERSEAS CONCERN PVT.LTD.**

श्रम ईजाजत नं. ११५/०५५/०५६

Alok Nagar, Min Bhawan,Kathmandu Nepal
Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com



### कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUKMA ALAFIYA RESTAURANT CO

पूर्व स्वीकृति मिति २०७९/०४/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२१ LT No :267808 चलानी नं. ६०१८३७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 85 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Motorcycle Driver | 15 | 0 | 130 | ५३,६२५ | | | | | | | |

कम्पनी : THE PALMS BEACH HOTEL AND SPA KUWAIT / THE PALMS CLUB HOTEL CO.

पूर्व स्वीकृति मिति २०७९/०१/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२१ LT No :262215 चलानी नं. ६०१७८४७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Health Club Attendent | 2 | 0 | 120 | ४९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Steward | 8 | 0 | 110 | ४५,३७५ | | | | | | | |
| 3 | Line Runner | 2 | 0 | 120 | ४९,५०० | | | | | | | |
| 4 | Public Area Attendant | 6 | 0 | 120 | ४९,५०० | | | | | | | |
| 5 | Room Attendant | 8 | 0 | 120 | ४९,५०० | | | | | | | |
| 6 | Security Officer | 3 | 0 | 130 | ५३,६२५ | | | | | | | |
| 7 | Waiter/waitress | 10 | 10 | 120 | ४९,५०० | | | | | | | |

कम्पनी : TAN ZHUAN PLASTIC INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२१ LT No :267085 चलानी नं. ६०१८३१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 100 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SUPER FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२० LT No :270878 चलानी नं. ६०१८६९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 73 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PEMBINAAN SUJAMAN SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२० LT No :270879 चलानी नं. ६०१८६९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 50 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RICHWORLD SECURITY SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२१ LT. No. 263817 चलानी नं. ६०१७९९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 6 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.**

Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PV METAL ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०५/२० LT. No. 270903 चलानी नं. ६०१८६९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**

NRC श्रम ईजाजत नं. १००४/०६८/०६९

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL LLAH MULHI AL HARBI GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०७९/०४/०२ LT. No. 267550 चलानी नं.: ६०१८३४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ६०,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.**

Govt. License 226/058/059

P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np



### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PONTEL SPA SALON & INSTITUTE FOR LADIES BEAUTY COMPANY शहर: KUWAIT

पूर्व स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 271302 चलानी नं. ६०१८६९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure Technician | 0 | 10 | 150 | ६२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Hair Dress | 0 | 7 | 150 | ६२,५०५ | | | | | | | |
| 3 | Indoor Cleaner | 0 | 5 | 110 | ४५,८४० | | | | | | | |
| 4 | Tea Girl | 0 | 3 | 120 | ५०,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ujyalo Overseas Pvt. Ltd.**

श्रम इजाजत नं. १३३९/०७४/०७५

Kathmandu, Nepal Tel : +977-1-4110543, 9819090441
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASTERN CONTRACTING CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 271297 चलानी नं. ६०१८६९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Man | 1 | 0 | 1400 | ४८,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrican (Gen) | 1 | 0 | 1500 | ५२,४६० | | | | | | | |
| 3 | Electrician | 1 | 0 | 1500 | ५२,४६० | | | | | | | |
| 4 | General Clean Worker | 2 | 0 | 1000 | ३४,९७५ | | | | | | | |
| 5 | Market Manager | 1 | 0 | 6000 | २०९,८४० | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2500 | ८७,४३० | | | | | | | |
| 7 | Waiter | 1 | 0 | 1000 | ३४,९७५ | | | | | | | |

कम्पनी : HOR ROSE TRADING & CLEANING

पूर्व स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 271296 चलानी नं. ६०१८६९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २५ गते (10th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## बिगबोसमा राज कुन्द्रा



अभिनेता सलमान खान हिट रियालिटी शो 'बिग बोस' नयाँ सिजनका साथ चाँडै दर्शकमाझ आउँदैछन् । शोलाई लिएर अहिलेदेखि नै चर्चा परिचर्चा सुरू भएको छ । शोमा सहभागिता हुने सेलिब्रेटीको नाम पनि बाहिर आइरहेको छ । तर, अब यो सूचीमा अभिनेत्री शिल्पा शेट्टीका पति राज कुन्द्रा पनि जोडिएका छन् । समाचारअनुसार राजलाई 'बिग बोस १६' का लागि प्रस्ताव गरिएको छ । शोका निर्माता र राजबीच कुराकानी चलिरहेको छ ।



# ऐना झ्यालको पुतलीलाई प्रशंसा




■ प्रभाव संवाददाता

**काठमाडौं–** सोमबार प्रिमियरमा उपस्थिति कलाकार तथा साहित्यकारले 'ऐना झ्यालको पुतली' हेरिरहँदा आफ्नै कथा हेरिरहे जस्तो महसुस भएको बताएका छन् । फिल्मको कथा, निर्देशन र कलाकारको प्रशंसा गरेका फिल्मकर्मी तथा साहित्यकारले फिल्मले आफूहरूकै बालापन दुरुस्त उतारेको प्रतिक्रिया दिएका थिए ।

फिल्मको प्रिमियरमा उपस्थित गायिका आनी छोइङ डोल्माले फिल्म असाध्यै सुन्दर बनेको बताउँदै यो फिल्म नेपालभरिका स्कुलमा देखाउन आग्रह गरिन् । 'मैले आजसम्म हेरेका नेपाली फिल्ममध्ये सबैभन्दा सुन्दर लाग्यो । यो फिल्म सबै स्कुलले आफ्ना विद्यार्थीलाई देखाउनु पर्छ । यो फिल्म हाम्रो सामाजिक इतिहासको दस्तावेज हो,' आनीको भनाइ थियो ।

पहिलोचोटि हेर्दा धित नमरेर दोस्रो पटक फिल्म हेर्न आएका एमाले नेता रघुजी पन्तले 'ऐना झ्यालको पुतली' नेपाली फिल्म कस्तो हुनुपर्छ भन्ने प्रश्नको जवाफ रहेको बताए ।

'यो नेपाली टेस्टको अर्गानिक कथा हो । यो राम्रा सिनेमाको कोटिमा पर्छ । नेपाली सिनेमा कस्तो हुनुपर्छ भन्ने प्रश्नको जवाफ खोजिरहेका हामी सबैका लागि जवाफ हो,' पन्तले भने । साहित्यकार नयनराज पाण्डेले फिल्मलाई ५ मा ५ रेटिङ दिँदै फिल्म हेर्दा आफूलाई डेढ घन्टा मौन साधना गरेको महसुस भएको प्रतिक्रिया दिए ।

'कथा भन्ने शैली यति सहज त यसअघि मैले नेपाली सिनेमामा विरलै देखेको थिएँ या सायद देखेकै थिइनँ । यो सिनेमाले पीडाभन्दा पनि तपाई हाम्रो दिमागमा 'प्रश्न' उमार्दो रहेछ । सुन्दर स्विटरझैं बुनिएको पटकथा र बुलन्द निर्देशनले यो सिनेमालाई भव्य उचाइ दिएको छ । यो नेपाली सिनेमाको ठूलो प्राप्ति हो' उनको प्रतिक्रिया थियो ।

नाटक निर्देशक विमल सुवेदीले फिल्मलाई आफ्नो जीवनकालमै हेरेको उत्कृष्ट नेपाली चलचित्रको सूचीमा सदैव रहने बताए । निर्देशक दीपेन्द्र लामाले 'मुकुण्डो' र 'नुमाफुङ'पछि 'ऐना झ्यालको पुतली' सन्तुष्टि दिने फिल्म रहेको बताए ।

'नुमाफुङ' र 'मुकुन्डो'पछि अर्थात् झन्डै २० वर्षपछि 'ऐना झ्यालको पुतली' मेरो लागि सबैभन्दा बढी सन्तुष्टि दिने नेपाली फिल्म भइदिएको छ । अर्ग्यानिक वा मौलिकताका नाममा बनिरहेका आलाकाँचा सिनेमाहरूको डंगुरमा यो सगरमाथाझैं अग्लो र चम्किलो बनेर आइपुगेको छ । राम्रो फिल्म बनाएको छु भनेर गमक्क परेर बस्ने वर्तमान फिल्मकर्मीहरू सुजित बिडारीहरूबाट विस्थापित हुने दिन टाढा छैन अब । व्यक्तिगत रूपमा भन्नुपर्दा, 'ऐना झ्यालको पुतली' हेरेर ईर्ष्या नै लागेको छ,' उनले सामाजिक सञ्जालमा प्रतिक्रिया दिँदै लेखेका छन् ।

सिनेमा हेरेका दीपकराज गिरी, दीपाश्री निरौला, केकी अधिकारी, प्रकाश सपुत आदिले पनि फिल्ममा आफूलाई नै पाएको बताउँदै 'ऐना झ्यालको पुतली' उत्कृष्ट रहेको प्रतिक्रिया दिएका थिए । स्तम्भकार तथा इतिहासकार सुजित मैनाली भन्छन्, 'ऐना झ्यालको पुतली' हेरेर घर फर्किइ ऐना हेर्दै यसो सम्झिहेरेको- यति धेरै मिहिनेतका साथ बनाएको यति राम्रो अर्को कुनै नेपाली फिल्मको सम्झनै आएन ।'

# पललाई जबरजस्ती करणीमा सफाइ



### बाल यौन दूराचारमा साढे २ वर्ष कैद

**काठमाडौं (प्रस)–** नायक पल शाहलाई अदालतले बाल यौन दुर्व्यवहारमा साढे दुई वर्ष कैद सजाय सुनाएको छ । जबरजस्ती करणीमा सफाइ दिँदै नवलपुर जिल्ला अदालतले शाहलाई कैद सजाय सुनाएको अदालतका सूचना अधिकारी लालबहादुर क्षेत्रीले बताए ।

त्यस्तै, अदालतले शाहलाई २५ हजार जरिबानाको सजाय सुनाएको छ । पीडितलाई १० लाख रूपैयाँ क्षतिपूर्ति दिने अदालतको फैसलामा उल्लेख छ ।

शाहको पक्षमा ७ जना वकिल र सरकारी वकिलका तर्फबाट ३ जना वकिलले बहस गरेका थिए । उनीविरुद्ध तनहुँ र नवलपरासी दुवै इजलासमा मुद्दा परेको थियो । गत चैत १० गते तनहुँ जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र ढुङ्गानाको इजलासले शाहलाई थुनामा पठाउन आदेश गरेको थियो ।

२०७८ बैशाख १४ गते तनहुँको दुलेगैँडास्थित एक घरमा बास बसेको समयमा १८ वर्षभन्दा कम उमेरकी किशोरीलाई प्रेम जालमा पारेर करणी गरेको आरोप लागेको छ । शाहले १५ वर्ष ९ महिना ११ दिनकी किशोरीलाई प्रेम जालमा पारेर जबर्जस्ती करणी गरेको आरोप लागेको छ ।

नवलपरासी जिल्ला अदालतले पनि पूर्पक्षको लागि थुनामा नै पठाउन आदेश दिएको थियो । त्यसपछि उनी उच्च अदालत कास्की पुगेका थिए । उच्च अदालतले पनि जिल्ला अदालतको निर्णय सदर गरेको थियो । उनीविरुद्ध परेको अर्को मुद्दा तनहुँ जिल्ला अदालतमा विचाराधीन रहेको छ ।

# खत्रीको उडी जाने जहाज सार्वजनिक

■ प्रभाव संवाददाता

**गण्डकी–** लोकगायक विष्णु खत्रीको नयाँ गीत 'उडी जाने जहाज' सार्वजनिक भएको छ । उनको आफ्नै युटचुब च्यानलबाट मंगलबार उक्त गीत सार्वजनिक गरिएको हो । परदेशिएका नेपाली र तिनका आश्रित परिवारको कथामा आधारित गीतमा बालगायक सुप्रिम मल्ल ठकुरी र खत्री स्वयंले स्वर दिएका छन् ।

रचना र संगीत पनि गायक खत्रीकै छ । गीतको म्युजिक भिडियोमा कलाकार स्मारिका ढकाल, सरिन केसीसँगै गायक खत्रीको समेत अभिनय देख्न सकिन्छ । भिडियोको निर्देशन पनि उनी आफैँले गरेका हुन् । प्रस्तुत गीतले सामाजिक यथार्थ चित्रण गरेको गायक खत्रीले बताए ।

प्रदेशमा रहेका बुवा दशैँमा घर आउने आशमा रहेका छोराको मनोभाव गीतमा मुखारित छ । मार्मिक सिर्जना र ग्रामीण परिवेश झल्काउने प्रस्तुतिका कारण गीत राम्रो बनेको स्रोता-दर्शकले प्रतिक्रिया दिएका छन् ।

युटचुबमा सार्वजनिक भएको केही घण्टामै गीतले पाँच हजार बढी 'भ्युज' बटुलिसकेको छ । लोकगायक खत्रीका यसअघि 'सुनको जलप', 'रिनै रिनको', 'दशैं-तिहारसँगै मनाउँला', 'दशैंमा आउ प्यारा'लगायत दशैं गीत सार्वजनिक भैसकेका छन् । दुई दशकदेखि संगीतमा सक्रिय उहाँले दशैं, तिहार, तीजजस्ता पर्वका मौकामा मौलिक गीत सार्वजनिक गर्दै आउनुभएको छ । जनजीवनका भोगाइलाई जीवन्त ढंगले प्रस्तुत गर्न पोख्त सर्जक-गायक खत्रीका 'भरिया दाइ', 'कि लास चाहियो, कि सास चाहियो' लगायत गीत चर्चित छन् ।



**महिला साफ च्याम्पियनसिप फुटबल**

# नेपालको शानदार सुरुआत



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले घरेलु मैदानमा आयोजना भइरहेको छैटौं संस्करणको महिला साफ च्याम्पियनसिप फुटबलमा विजयी सुरुआत गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार भएको उद्घाटन खेलमा भुटानलाई ४-० गोल अन्तरले हराउँदै नेपालले सुखद सुरुआत गरेको हो ।

नेपाललाई जित दिलाउन सावित्रा भण्डारी र अनिता बस्नेतले दुई दुई गोल गरिन् । पहिलो हाफ भारी वर्षाले प्रभावित गरेको थियो । तर, खेलको १२ औं मिनेटमा अमिषा कार्कीको पासमा सावित्राले गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन् ।

त्यसअघि ११ औं मिनेटमा हिरा कुमारी भुजेलको पेनाल्टी क्षेत्र भन्दा बाहिरबाट प्रहार गरेको बल पोलमा लागेर फर्किएको थियो । खेलको ६७ औं मिनेटमा सावित्राले व्यक्तिगत दोस्रो गोल गर्दै नेपाललाई २-० को अग्रता दिलाईन् ।

खेलको ७२ औं मिनेटमा अनिताले गोल गर्दै नेपाललाई ३-० को अग्रता दिलाईन् । त्यसपछि खेलको ८४ औं मिनेटमा अनिताले व्यक्तिगत दोस्रो गोल गर्दै नेपाललाई ४-० गोलको जित दिलाईन् ।

भुटा विरुद्धको खेलमा नेपालका तीन खेलाडीले डेब्यु गरेकी छिन् । दिपा शाही, अमिषा कार्की र समिक्षा घिमिरेले राष्ट्रिय टोलीमा डेब्यु गरिन् । यस जितसँगै समूह 'बी' को नेपालले पहिलो खेलमै ३ अंक जोडेको छ । भुटानले भने हारबाट प्रतियोगिताको सुरुआत गरेको छ । अब नेपालले दोस्रो तथा समूह चरणको अन्तिम खेलमा भदौ २८ गते श्रीलंकासँग खेल्नेछ ।

प्रतियोगितामा आयोजक नेपाल, भारत, श्रीलंका, भुटान, बंगलादेश, पाकिस्तान र माल्दिभ्सको सहभागिता रहेको छ । साफले सहभागी ७ टोलीलाई दुई समूहमा विभाजन गरेको छ । समूह 'ए' मा साविक विजेता भारत, माल्दिभ्स, बंगलादेश र पाकिस्तान रहेको छ । यस्तै समूह 'बी' मा आयोजक नेपाल, श्रीलंका र भुटान रहेको छ । समूह चरणको खेलपछि समूहको शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउने छन् । फाइनल खेल असोज ३ गते हुनेछ ।

## जुम्ला खेलकुद कार्यालयमा तालाबन्दी

**जुम्ला (प्रस)–** जिल्ला खेलकुद विकास समिति जुम्ला कार्यालयमा फुटबल खेलाडीले ताला लगाएका छन् । २१ भदौदेखि कर्णाली प्रदेशको सुर्खेतमा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुद छनौट प्रतियोगिता जुम्लाबाट खेलाडी सहभागी नगराएको विरोधमा कार्यालयमा ताला लगाएका हुन् ।

एक प्रेस विज्ञप्ति जारी गर्दै फुटबल खेलाडी भनेका छन्, 'जुम्लाबाट फुलबल खेल बाहेक अरू सबै प्रतियोगितामा खेलाडी छनोट भएका छन् ।' नवौं राष्ट्रिय खेलकुद छनोट प्रतियोगिता सहभागिता जनाउने जिल्ला खेलकुद विकास समितिको कार्यालयसँग चासो राख्दा पनि खेलाडी पठाउन पैसा कम बताइएको उनीहरूको गुनासो छ । 'जुम्लाबाट ११ जना फुटबल खेलाडी माग गरिएको थियो । छनौट प्रतियोगिता हुने होइन । खाली खेलाडी हेरेर छनोट मात्र हुने हो भनेर भ्रममा पार्ने काम भयो,' उनले भने ।

## ग्रिनल्यान्ड र किङडम फाइनलमा

**काठमाडौ (प्रस) –** ग्रिनल्यान्ड र किङडम चौथो केभीकेएसएस अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा फाइनलमा प्रवेश गरेका छन् । धापासीस्थित आयोजक केभीकेएसएसको कोर्टमा ग्रिनल्यान्डले भ्याली पब्लिकलाई ३२-३० ले पराजित गऱ्यो । ग्रिनल्यान्डको जितमा सुरेश बिसीले १३ अंक योगदान गरे । साङबुको ३१ अंक सहयोगमा किङडमले लोयल्टीलाई ४८-३२ ले हरायो । सिनियर गर्ल्सको उपाधिका लागि भ्याली पब्लिक र एचएचसीए भिड्ने भएका छन् । फाइनल बुधबार हुनेछ ।

# विजेता खेलाडीलाई पुरस्कार दिने प्रशिक्षक तामाङको घोषणा



■ प्रभाव संवाददाता

**खोटाङ–** खोटाङका सितोरियो कराँतेका प्रशिक्षक एवं अन्तर्राष्ट्रिय रेफ्री बिचारी तामाङले नवौं राष्ट्रिय प्रतियोगिताको प्रदेश र राष्ट्रिय प्रतियोगीताका विजेता खेलाडीलाई नगद पुरस्कार दिने घोषणा गरेका छन् ।

मंगलबार जिल्ला खेलकुद विकास समिति खोटाङको दिक्तेल माटिकोरेस्थित कबर्डहलमा पत्रकार भेटघाट कार्यक्रम गर्दै सितोरियो कराँतेका प्रशिक्षक एवं अन्तर ाष्ट्रिय रेफ्री तामाङले नवौं राष्ट्रिय प्रतियोगिताको प्रदेश र राष्ट्रिय प्रतिस्पर्धामा प्रथम, दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने सितोरियो कराँतेका खेलाडीलाई नगद पुरस्कार दिने घोषणा गरेका हुन् ।

कराँते प्रशिक्षक एवं अन्तर्राष्ट्रिय रेफ्री तामाङले सितोरियो कराँतेतर्फको प्रदेश स्तरीय प्रतिस्पर्धामा प्रथम प्रथम स्थान प्राप्त गर्ने खेलाडीलाई जनही ५ हजार, दोस्रो स्थान प्राप्त गर्ने खेलाडीलाई ३ हजार र तेस्रो स्थान प्राप्त गर्ने खेलाडीलाई २ हजार नगद पुरस्कार दिने घोषणा गरेका छन् । यस्तै, राष्ट्रिय प्रतियोगितामा प्रथम स्थान प्राप्त गर्ने सितोरियो कराँतेका खेलाडीलाई जनही २५ हजार ५५५, दोस्रो स्थान प्राप्त गर्ने खेलाडीलाई १५ हजार ५५५ र तेस्रो स्थान प्राप्त गर्ने खेलाडीलाई ११ हजार १११ प्रदान गर्ने घोषणा गरेका छन् । सितोरियो कराँते खेलाडीको मनोबल बढाउन र खेलक्षेत्रको प्रवर्द्धनका लागि विजेतालाई व्यक्तिगत रूपमा पुरस्कार दिने घोषणा गरेको तामाङले बताए ।

नवौं राष्ट्रिय प्रतियोगीताका लागि प्रदेश स्तरीय प्रतियोगितामा सितोरियो कराँतेतर्फ जिल्लाका २९ खेलाडी प्रतिस्पर्धा गर्दैछन् । प्रदेश स्तरीय प्रतियोगिता आगामी भदौ २४ गतेदेखि असोज ८ गतेसम्म पूर्वका विभिन्न जिल्लामा सञ्चालन हुँदैछन् । सितोरियो कराँते प्रतिस्पर्धा भदौ ३० गतेदेखि असोज २ गतेसम्म धरानमा सञ्चालन गर्ने तयारी छ । राष्ट्रिय खेलकुद प्रतियोगिता भने पोखरामा आगामी असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने छन् ।

एसियन कराँते महासंघले सन् २०१६ मा भारतको नयाँदिल्लीमा सञ्चालन गरेको अन्तर्राष्ट्रिय रेफ्री परीक्षामा तामाङले अन्तर्राष्ट्रिय रेफ्री परीक्षा उत्तीर्ण गरेका थिए । तामाङ जिल्ला खेलकुद विकास समिति खोटाङको कराँतेतर्फका प्राविधिक इन्चार्ज पनि हुन् । स्वयंसेवक प्रशिक्षकको भूमिका निर्वाह गर्दै आएका तामाङले २०५२ साल भदौमा राष्ट्रिय खेलकुद परिषदबाट स्थायी प्रशिक्षकको नियुक्ति पाएका थिए । प्रशिक्षकको २० वर्षे र २५ वर्षे सेवा पुरा गरेकामा तामाङले दीर्घसेवा पदक प्राप्त गरिसकेका छन् ।

बंगलादेशकी प्रधानमन्त्रीको भारत भ्रमण

# राष्ट्रपति भवनमा मोदीले गरे स्वागत



**नयाँदिल्ली–** भारतको चारदिने भ्रमणमा सोमबार यहाँ आएकी बंगलादेशकी प्रधानमन्त्री शेख हसिनालाई मंगलबार राष्ट्रपति भवनमा औपचारिकरूपमा स्वागत गरिएको छ ।

उनलाई प्रधानमन्त्री नरेन्द्र मोदीले स्वागत गरेका हुन् । उनले प्रधानमन्त्री मोदीसँग हात मिलाइन् । विदेशमन्त्री एस जयशंकर पनि प्रधानमन्त्री मोदीका साथमा थिए । बंगलादेशका प्रधानमन्त्री शेख हसिनाको स्वागतका निम्ति राष्ट्रपति भवन सजिएको थियो ।

बंगलादेशकी प्रधानमन्त्री हसिनाले मंगलबार नै राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखरसँग शिष्टाचार भेट गरेकी छन् । साथै, उनले समकक्षी मोदीसँग पनि भेटवार्ता गरेकी छन् । सोमबार यहाँ आउनेबित्तिकै उनले भारतका विदेशमन्त्रीसँग भेट गरी द्विपक्षीय हितका विषयमा छलफल गरेकी थिइन् । सोमबार नै उनले दिल्लीको प्रमुख पर्यटकीय एवं तीर्थस्थल निजामुद्दीनको पनि भ्रमण गरेकी थिइन् ।

सतह र सामुद्रिक सीमांकन, रक्षा सहयोग बढाउने, सम्पर्क सञ्जाल विस्तार, विकास सहायता, सांस्कृतिक आदानप्रदान, ऊर्जा प्रवर्द्धन एवं त्यसको व्यापार, बन्द व्यापार एवं वाणिज्य दक्षिण एसियामा दिगो स्थायित्व कायम गर्नेलगायत पारस्परिक हित र चासोको विषय वार्ताका शीर्ष विषयवस्तु थिए । भारतीय प्रधानमन्त्री मोदी र हसिनाको दूरदर्शी नेतृत्वमा भारत र बंगलादेश बीचको बहुआयामिक सम्बन्ध क्रमशः सुमधुर बन्दै गएको छ भने प्रधानमन्त्री हसिनाको यो भ्रमणले पारस्परिक सम्बन्धलाई अझ सुदृढ बनाउन बल मिल्ने बताइएको छ ।

भारतको 'छिमेकीलाई पहिलो प्राथमिकता' नीतिअनुरूप बंगलादेश एक महत्त्वपूर्ण साझेदार हो । नयाँदिल्लीले सुरक्षा, व्यापार, वाणिज्य, ऊर्जा, यातायात र विज्ञान तथा प्रविधि, प्रतीरक्षा, नदी तथा समुद्री मामिलालगायत सबै क्षेत्रमा सहयोग विस्तार गर्दै आएको छ । दक्षिण एसियामा बंगलादेश भारतको सबैभन्दा ठूलो व्यापार साझेदार हो । पछिल्लो पाँच वर्षका द्विपक्षीय व्यापार नौ अर्ब अमेरिकी डलरबाट बढेर १८ अर्ब डलर पुगेको छ । भारतका निम्ति बंगलादेश चौथो ठूलो निर्यात गन्तव्य पनि हो । *रासस/एएनआई*

# सिचुवान भूकम्पमा ६५ को मृत्यु

**छन्दु–** चीनको दक्षिण पश्चिम प्रान्त सिचुवानको लुडिङ काउन्टीमा ६.८ म्याग्निच्युडको भूकम्पमा परी ६५ जनाको मृत्यु भएको जनाइएको छ । सोमबार आएको उक्त भूकम्पमा परी १७० जना घाइते भएका स्थानीय अधिकारीहरूले बताएका छन् ।

गाञ्जी तिब्बती स्वायत्त प्रिफेक्चरमा ३७ जना तथा याआन सहरको शिमियान काउन्टीमा २८ जनाको मृत्यु भएको बताइएको छ । गाञ्जीमा १२ जना हराइरहेका, ५६ जना गम्भीर घाइते भएका छन् ।

स्थानीय समयअनुसार सोमबार १२ बजेर ५२ मिनेटमा लुडिङ काउन्टीभन्दा ३९ किलोमिटर टाढाको स्थललाई केन्द्रबिन्दु बनाएर भूकम्प गएको चाइना भूकम्प नेटवर्क सेन्टरले जनाएको छ । भूकम्पको धक्का केन्द्रबिन्दुबाट २२६ किलोमिटर टाढा रहेको सिचुवान प्रान्तको राजधानी छन्दुमा पनि महसुस गरिएको थियो । *रासस/सिन्हवा*

# पाँच पाकिस्तानी सैनिक मारिए

खैबर पख्तुनख्वा- उत्तरी वजिरिस्तानको बोया क्षेत्रमा आतंकवादीहरूसँग सोमबार भएको झडपमा पाँच जना पाकिस्तानी सैनिकको मृत्यु भएको छ । गुप्त सूचनाका आधारमा उक्त स्थानमा सेनाले कारबाही गर्दा चार जना आतंककारी पनि मारिएका इन्टर सर्भिसेस पब्लिकेसन रिलेसन्स (आइएसपिआर)ले जनाएको छ । उक्त स्थानबाट हातहतियार पनि बरामद भएको छ । *रासस/एएनआई*

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
(प्रशासन योजना तथा संस्था दर्ता शाखा)

## सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र प्राप्त संस्था **श्री इभरग्रीन मेनपावर प्रा. लि.** (ई.प.नं.५६६/०६२/०६३) ले यस विभाग समक्ष इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेण्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यस विभगको मिति २०७९/०५/१३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL BAHIYA TRADING AND SERVICES

पुर्व स्वीकृति मिति २०७८/१०/१८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२१ LT No :258877 चलानी नं.६०१७५२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 32 | 900 | ३१,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9851112074,9841935884,9841541592, 9808658844

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD

पूर्व स्वीकृति मिति : २०७७/११/१२ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 236272 चलानी नं.६०१७९८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 32 | 0 | 100 | ३३,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**K & C International Pvt. Ltd**
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZENON TRADING AND CONTRACTING CO

पुर्व स्वीकृति मिति २०७९/०४/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२१ LT No.267445 चलानी नं.६०१८३७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 15 | 0 | 1000 | ३४,९७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 14 | 0 | 1100 | ३८,४७० | | | | | | | |
| 3 | Gypsum Technician | 12 | 0 | 1200 | ४१,९६५ | | | | | | | |
| 4 | Labourer | 29 | 0 | 1000 | ३४,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 9801020501, 9810259009,9851039010, 9851028467
E-mail : omoverseas36@gmail.com

## ZERO COST RECRUITMENT Opportunity For Qatar!!
## शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : AMWAJ CATERING SEVICES LIMITED

पूर्व स्वीकृति मिति २०७९/०३/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२१ LT. No. 265130 चलानी नं ६०१८११७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1900 | ६६,४५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 5 | 0 | 1000 | ३४,९७५ | | | | | | | |
| 3 | Waiter | 2 | 1 | 1400 | ४८,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MAHAD MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. ९८१/०६७/०६८
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ALMANA GROUP (W.L.L)

पूर्व स्वीकृति मिति:२०७८/०४/१३ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 243216 चलानी नं. ६०१६०७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 31 | 0 | 2500 | ८७,४३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 7 | 0 | 1700 | ५९,४५५ | | | | | | | |
| 3 | Business Executive | 1 | 0 | 2500 | ८७,४३० | | | | | | | |
| 4 | Administrative | 1 | 0 | 2500 | ८७,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पुर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२१ LT. No. 258647 चलानी नं.६०१७५०९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 3 | 0 | 1500 | ५२,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 101 | 5 | 1000 | ३४,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति:

- धनुषा, जनकपुर, (AWR Travels & Tours, Bharmapura Chowk): भदौ ३०/ 15th Sept. 2022 मा हुनेछ ।
- सुनसरी -ईटहरी -(Anjali Trading Centre, Buspark-9) भदौ ३१/ 16th Sept. 2022 मा हुनेछ ।
- चितवन, भरतपुर - (Branch Office, Hotel Red Carpet, Lions Chowk-2 ) असोज ०१/ 17th Sept. 2022 मा हुनेछ ।
- काठमाण्डौ - (Sinamangal, Head Office ) असोज ०२/ 18th Sept. 2022 मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIF FOOD CO.WLL

पुर्व स्वीकृति मिति २०७८/०८/१९ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ LT. No. :252813 चलानी नं. ६०१६९६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 6 | 21 | 115 | ४७,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CAF RESTAURANT & CAFE COMPANY

पुर्व स्वीकृति मिति २०७८/०७/०४ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२० LT. No. :247984 चलानी नं. ६०१६५८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 1 | 3 | 150 | ६१,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## Free Visa! Free Ticket !! सहित
## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WELLCARE PHARMACY

पुर्व स्वीकृति मिति २०७८/१०/१० पुन विज्ञापन स्वीकृति मिति:२०७९/०५/२१ LT. No. 256664 चलानी नं. ६०१७३३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 7 | 0 | 1600 | ५५,९५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 9 | 0 | 1700 | ५९,४५५ | | | | | | | |
| 3 | Labourer | 8 | 0 | 1300 | ४५,४६५ | | | | | | | |
| 4 | Salesman | 8 | 0 | 1700 | ५९,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २९ गते (14th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवाय लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AP OVERSEAS PVT. LTD**
Govt. License 826/066/67
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी – गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९४,००० | प्रति तोला – ९३,५०० | प्रति तोला – ११२५ |

## दुई पेट्रोल भण्डारण गृह बनाउने काम अघि बढ्यो



■ प्रभाव संवाददाता

**वीरगञ्ज–** नेपाल आयल निगमले पाइपलाइनमार्फत पेट्रोलसमेत नेपाल आयात गर्न बाराको अमलेखगञ्जस्थित निगमको प्रादेशिक कार्यालयमा पेट्रोल भण्डारण गर्न दुई वटा पेट्रोल भण्डारण गृह (टंकी) निर्माणको काम अघि बढाएको छ ।

हाल निगमले भारतको विहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म पाइपलाइनमार्फत डिजेल मात्र आयात गर्दै आएको थियो । निगमले अब भने उक्त पाइपलाइनबाटै पेट्रोलसमेत आयात गर्न निगमको अमलेखगञ्जस्थित डिपो परिसरमा दुई वटा भण्डारण ट्यांकी निर्माणको काम अघि बढाएको हो ।

जसका लागि भारतीय आयल कर्पोरेसनले पेट्रोल भण्डारण गृह निर्माणका लागि आवश्यक ठेक्का प्रक्रिया पूरा गरिसकेकाले आगामी दसैंपछि भण्डारण गृह निर्माण काम सुरु हुने अमलेखगञ्जस्थित निगमको प्रादेशिक कार्यालयका प्रमुख इञ्जिनियर प्रदीप यादवले जानकारी दिए ।

हाल निगमले भारतको विहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म करिब ६९ किमी लामो पाइपलाइनमार्फत डिजेल आयात गर्दै आएको छ । अब निर्माण हुने पेट्रोल भण्डारण गृह (टचांकी) मध्ये प्रतिटचांकी चार हजार एक सय किलोलिटर क्षमताको हुनेछन् ।

नेपालतर्फको पाइपलाइनको अन्तिम बिन्दु अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण भएपछि पाइपलाइनमार्फत नेपालमा पेट्रोल आयात गर्न थप सहज हुनेछ । पेट्रोल संकलन गर्ने दुई वटा भण्डारण टचांकी निर्माणपश्चात् निगमलाई पेट्रोल आयातमा प्रतिलिटर करिब एक रूपैयाँ ५० पैसा ढुवानी खर्च सस्तो पर्ने आँकलन गरिएको आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले जानकारी दिए ।

करिब रु तीन अर्ब २६ करोडको लागतमा निर्माण हुने दुई वटा पेट्रोल भण्डारण टचांकी निर्माणको कार्य आगामी सन् २०२४ को जनवरीसम्म सम्पन्न हुने लक्ष्य रहेको छ । हाल मोतिहारीदेखि अमलेखगञ्जसम्म करिब ६९ किलोमिटर लामो पाइपलाइनबाट प्रतिघण्टा दुई लाख ५० किलोलिटरका दरले डिजेल आयात भइरहेको बताइएको छ । तर पेट्रोलका लागि भारतबाट टचांकरमार्फत आयात भइरहेको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

## ९८ प्रतिशत काम सकियो

■ कृष्ण दवाडी





**कास्की–** पोखरामा निर्माणाधीन क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको हालसम्म ९८ प्रतिशत काम सम्पन्न भएको छ । चिनियाँ निर्माण कम्पनीसँगको ठेक्का सम्झौताअनुसार विमानस्थलका प्रायःसबै काम सकिएका छन् ।

विमानस्थलको पूर्वाधार निर्माणका काम सकिएकाले नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान)ले अंग्रेजी नयाँ वर्ष सन् २०२३ जनवरी १ अर्थात् आगामी पुस १७ देखि विमानस्थल सञ्चालन गर्ने निर्णय गरिसकेको छ ।

क्यानले विमानस्थल सञ्चालनको निर्णय गरे पनि पोखरेलीले भने विमानस्थल तोकिएको मितिमा सञ्चालनमा आउनेमा आशंका व्यक्त गर्दछन् । विमानस्थल नजिकको रिठेपानी डाँडा कटान र नजिकको ल्याण्डफिल साइट नहट्दासम्म विमानस्थल सञ्चालनमा आउन नसक्ने भएकाले यो आशंका गरिएको हो । तर डाँडा कटानको काम भने अघि बढिसकेको छ ।

क्यानले केही दिनअघि विमानस्थल छेउको रिठेपानी डाँडा कटानका लागि बोलपत्र आह्वान गरेसँगै प्रक्रिया सुरु भएको हो । अबका तीन महिनाभित्र कटानको काम सकिने बताइएको छ । डाँडा कटानका लागि ठेक्का आह्वान गरिएकाले विमानस्थल सञ्चालनको आशंका केही हटे पनि अर्को प्रमुख समस्या रहेको ल्याण्डफिल साइट स्थानान्तरणको चुनौती भने बाँकी नै छ ।

पोखरा-१४ बाच्छेबडुवामा रहेको ल्याण्डफिलमा पोखराको फोहोरमैला व्यवस्थापन हुँदै आएको छ । अन्तर्राष्ट्रिय विमानस्थल नजिकैपर्ने स्थानको फोहोरमैला नहटाउँदासम्म विमानस्थल सञ्चालनमा आउन सक्ने देखिँदैन । विमानस्थल निर्धारित मितिमा सञ्चालनका लागि ल्याण्डफिल साइट स्थानान्तरण अहिले प्रमुख समस्याका रूपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाले जनाएको छ । आयोजना प्रमुख विनेश मुनकर्मीले विमानस्थल सञ्चालनका लागि अवरोधका रूपमा रहेको रिठेपानी डाँडा कटानको प्रक्रिया सुरु भएर कामका लागि बोलपत्र आह्वान गरिएको जानकारी दिए ।

हवाइ सुरक्षाका लागि विमानस्थल छेउको डाँडा ४० मिटर कटान गर्नुपर्नेछ । पछाडिको ४० मिटर र अगाडिको १२ मिटर डाँडा कटान गरे पुग्नेछ । सो डाँडा १४ मिटर काटेपछि क्यालिब्रेशन र परीक्षण उडान गर्न सकिने बताइएको छ । आयोजना प्रमुख मुनकर्मीले भने, 'डाँडा कटानका लागि बोलपत्र आह्वानपछि एयरपोर्ट सञ्चालन थप सुनिश्चित भएको छ । विमानस्थल सञ्चालनअगावै कटानको सबै काम सम्पन्न हुनेछ, अब सञ्चालनमा कुनै अवरोध नआउने विश्वास छ ।'

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को मापदण्डअनुसार विमानस्थलबाट नजिक रहेका डाँडालाई कटान गर्नुपर्ने हुन्छ । सोहीअनुसार रिठेपानी डाँडा कटान गर्न लागिएको हो । सो वनमा रहेका छ सय रुख कटान गर्नुपर्ने देखिएको छ । ल्याण्डफिलका कारण विमानस्थल नजिक चराचुरुंगीको आवागमन भइरहने हुँदा यसबाट हवाई सुरक्षामा जोखिमको खतरा रहन्छ । यसैकारण क्यानले तोकेको मितिमा विमानस्थल सञ्चालनका लागि नजिकको ल्याण्डफिल साइट हटाउनु आवश्यक छ ।

त्यसैले हवाई सुरक्षा मापदण्डअनुसार विमानस्थलको १२ देखि १४ किमी क्षेत्र नजिक ल्याण्डफिल र तीन किमीभित्र पशु बधशाला रहनुहुँदैन । हाल सञ्चालनमा रहेको ल्याण्डफिल त्यहाँबाट हटाउने प्रमुख जिम्मेवारी पोखरा महानगरपालिकाको हो ।

विमानस्थल आयोजनाका वरिष्ठ अधिकृत सविन फुयाँलले पोखरा महानगरले विमानस्थल सञ्चालनअगावै ल्याडफिल हटाउने प्रतिबद्धता जनाएको बताए । उनले भने, 'क्यालिब्रेशन र टेष्ट फ्लाइटका लागि समस्या नभए पनि विमानस्थल सञ्चालनका लागि ल्याण्डफिल नहट्दासम्म यहाँबाट उडान हुँदैन ।

महानगर प्रमुखले यसलाई व्यवस्थापन गर्ने वचन दिनुभएकाले समयअगावै हट्छ भन्ने विश्वासमा छौं ।'पोखरा महानगरपालिकाले विमानस्थल सञ्चालनलाई सहज बनाउन ल्याण्डफिल हटाउन अग्रसर देखिए पनि काम भने अगाडि बढन नसक्दा नतिजा हासिल हुन सकेको छैन । महानगरले ल्याण्डफिल साइट बनाउन विभिन्न ठाउँमा जमिन हेरेपनि स्थानीयको विरोध आउने गरेको छ ।

एक वर्षअघि नै महानगरले पोखरा-१६ र २० को सिमाना पस्मराङमा फोरमैला व्यवस्थापनस्थल बनाउने निर्णय कार्यपालिकाबाट गरेको थियो । सो निर्णय लगत्तै स्थानीयको विरोध सुरु भएपछि महानगर पछि हट्नु परेको थियो ।

त्यसपछि गत वैशाखमा पुनःमहानगरले पोखरा-३३ भरतपोखरीमा ल्याण्डफिल बनाउने निर्णय गरेर पूर्वाधारका लागि चालू वर्षमा रु १० करोड बजेट विनियोजन गरेपनि त्यहाँ स्थानीयले विरोध जनाइरहेका छन् ।

### फोहोर व्यवस्थापनको अध्ययन विदेशसम्म

ल्याण्डफिल साइटकै कारण अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा अवरोध भएपछि पोखरा महानगर पछिल्लो केही सातादेखि फोहोर व्यवस्थापनका उपायमै खोजीमा विदेशसम्म पुगेको छ । महानगर प्रमुख धनराज आचार्यको नेतृत्वमा प्राविधिकसहितको टोलीले छिमेकी मुलक भारतसम्म पुगेर फोहोर व्यवस्थापनका उपायका बारेमा अध्ययन अवलोकन गरेको हो ।

महानगरले गत साता भारतका नयाँदिल्ली, गाजियावादलगायतका विभिन्न स्थानमा रहेका चार वटा 'प्लान्ट'मा गएर फोहोर व्यवस्थापनको अवलोकन गरेर फर्किएको छ । अध्ययनका लागि टोली भदौ अन्तिम साता पुनः भारतको बैंलोर जाने तयारीमा रहेको छ । *रासस*

## कर्पोरेट

### सिटिजन्स बैंक र नेसनल प्याथ ल्याबबीच सम्झौता





**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र दरबारमार्गस्थित 'क' वर्गको नेसनल प्याथ ल्याब बीच सिटिजन्स बैंकको कार्डबाहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले नेसनल प्याथ ल्याबका विभिन्न स्वास्थ्य सम्बन्धि जाँच र हेल्थ प्याकेजहरूमा १७ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । यस सुविधाबाट सेवाग्राहीहरूले गुणस्तरीय सेवा प्राप्त गर्नुका साथै अधिकतम लाभ समेत प्राप्त गर्न सक्नेमा बैंक विश्वस्त रहेको छ ।

बैंकले ग्राहकको वित्तीय आवश्यकताहरू सुरक्षित तवरले प्रदान गर्ने अभिप्रायका साथ यसअघि नै कियोस्क, ई.के.वाई.सी। तथा नागरिक एप मार्फत अनलाइन खाता खोल्न सक्ने जस्ता सुबिधाको सुरुआत गरी सकेको छ । साथसाथै, यस बैंकका ग्राहकहरूको बैंक सम्बन्धी जिज्ञासा तथा समस्याहरूको छिटो भन्दा छिटो समाधान प्राप्त होस् भन्ने उद्देश्यले ग्राहक साहायता केन्द्रको समेत स्थापना गरिसकेको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८० वटा शाखा, १३२ वटा ए.टि.एम. र ९६ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट करिव १४ लाख ५७ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

### हरिवनमा सेञ्चुरी बैंकको शाखा

**सर्लाही (प्रस)–** सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले ग्राहकवर्गहरूलाई आफ्नो सेवा विस्तार गर्ने क्रममा मिति २०७९ भदौ २१ गतेदेखि सर्लाही जिल्लाको हरिवन नगरपालिका वडा नं. १० नयाँ रोडमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ ।

उक्त शाखाको हरिवन नगरपालिकाको नगरप्रमुख रमेश बुढाथोकीले नयाँ रोड शाखाको उद्घाटन गरी सेवा सुरु गरेका छन् । उक्त अवसरमा बैंकका मधेश प्रदेश प्रमुख सुबास शर्मा, शाखा प्रमुख आशुतोष वैद्यलगायत बैंकका कर्मचारी तथा स्थानीयबासीहरूको उपस्थिति रहेको थियो ।

२०७९ असार मसान्त सम्ममा बैंकले रु. १ खर्ब १ अर्ब ४० करोड निक्षेप संकलन र रु. ९१ अर्ब ४६ करोड कर्जा प्रदान गरी १ अर्ब ३५ करोड ७२ लाख खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।





देशका सुगम तथा दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्ने उद्देश्यकासाथ बैंकले देशका विभिन्न स्थानहरूमा शाखा, शाखारहित बैंकिङ्ग तथा एक्सटेन्सन काउण्टरहरू संचालनमा ल्याई बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकको कुल शाखा संख्या १४७ पुगेको छ भने बैंकले १० एक्सटेन्सन काउण्टर २४ शाखारहित बैंकिङ्ग र ११५ वटा एटिएम मार्फत वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

## दोहोरो अंकले घट्यो नेप्से





**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव १६ अंकले ओरालो लागेर एक हजार नौ सय ५१ दशमलव ८४ मा सीमित भएको छ ।

कूल दुई सय २७ कम्पनीको ३२ लाख नौ हजार नौ सय ८३ कित्ता सेयर रु एक अर्ब १९ करोड सात लाख ६५ हजार छ सय १३ मूल्यमा खरिद बिक्री भयो । कारोबार भएका १३ उपसमूहमध्ये आज दुई उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ भने ११ उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ । होटल तथा पर्यटन पाँच दशमलव ६६ र सामूहिक लगानी कोष शून्य दशमलव शून्य छ अंकले उकालो लाग्यो ।

यस्तै, बैंकिङ छ दशमलव ८३, व्यापार २९ दशमलव सात, विकास बैंक ६४ दशमलव ८९, जलविद्युत् ४७ दशमलव ७८, वित्त ३५ दशमलव ३१, निर्जीवन बिमा एक सय ४७ दशमलव नौ, उत्पादन २३ दशमलव ३८, अन्य १८ दशमलव ७८, लघुवित्त ५२ दशमलव ४१, जीवन बिमा ८५ दशमलव ६४ र लगानी शून्य दशमलव आठ अंकले ओरालो लाग्यो ।

मङ्गलबारको कारोबारपछि बजार पुँजीकरण रु २७ खर्ब ९९ अर्ब ७० करोड ९७ लाख ५४ हजार छ सय ३६ बराबर कायम भएको छ । नेप्सेका अनुसार, हिमालउन एभरेष्ट इन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु नौ करोड १४ लाख १८ हजार सात सय २६ बराबरको कारोबार भयो । रिडी हाइड्रोपावर रु नौ करोड ११ लाख ७० हजार एक सय ४७, सानिमा माई हाइड्रोपावर रु आठ करोड ५५ लाख ८७ हजार दुई सय ८५, नबिल बैंक रु पाँच करोड ६६ लाख ८५ हजार चार सय ७९ र नेपाल लाइफ इन्स्योरेन्स रु चार करोड ३० लाख ९५ हजार सात सय नौ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार उन्नति सहकार्य लघुवित्त नौ दशमलव ६८, एनएमबी हाइब्रिड फण्ड एक दुई दशमलव ५४, सामुदायिक लघुवित्त एक दशमलव ९९, मन्दाकिनी हाइड्रोपावर एक दशमलव ९६ र एनआइसी एशिया ग्रोथ फण्डका लगानीकर्ताले एक दशमलव ४२ प्रतिशतले गुमाए ।

यस्तै, सानिमा माई हाइड्रोपावर सात दशमलव ३२, हिमालयन एभरेष्ट इन्स्योरेन्स छ दशमलव शून्य दुई दुई, जोशी हाइड्रोपावर पाँच दशमलव ५३, रुरु जलविद्युत् परियोजना चार दशमलव ८९ र रिभर फल्स पावरका लगानीकर्ताले चार दशमलव ५५ प्रतिशतले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ